# प्रभाव दैनिक
National Daily

पत्रिका नआएमा, ठेगाना परिवर्तन भएमा वा अन्य कुनै गुनासो/जिज्ञासा भएमा निम्न माध्यमबाट हामीलाई तत्काल सम्पर्क गर्नुहुन अनुरोध गरिन्छ ।
प्रभाव पब्लिकेसन प्रा.लि.
सिफल–७, काठमाडौं
०१४३७३५७७/९७६१८१५४०००/
९८४११५१२१७/९८४१२४६२६९
marketing2prabhab@gmail.com

वर्ष ११ | अंक १७३ | काठमाडौं | बुधबार, ३० असोज २०८१ | Prabhab National Daily | Wednesday, October 16, 2024 | www.prabhabonline.com | पृष्ठ ८ | मूल्य रू. ५।-


## शान्ति सैनिकमाथि भएको आक्रमणप्रति निन्दा




- नेपालसहित राष्ट्रसंघीय शान्ति मिसनमा संलग्न ३४ देशले सोमबार संयुक्त विज्ञप्ति जारी गरी दक्षिण लेबनानमा भएको द्विपक्षीय आक्रमणका क्रममा अन्तर्राष्ट्रिय शान्ति सेना घाइते भएको घटनाप्रति निन्दा
- इजरायलको चेतावनीका बाबजुद संयुक्त राष्ट्रसंघले दक्षिणी लेबनानबाट शान्ति सैनिक (युएनआइएफएल) नहटाउने

**काठमाडौं (प्रस)–** नेपालले लेबनानमा शान्ति सैनिकमाथि भएको आक्रमणको कडा निन्दा गरेको छ । नेपालसहित संयुक्त राष्ट्रसंघीय शान्ति मिसनमा संलग्न ३४ देशले सोमबार संयुक्त विज्ञप्ति जारी गरी दक्षिण लेबनानमा भएको द्विपक्षीय आक्रमणका क्रममा अन्तर्राष्ट्रिय शान्ति सेना घाइते भएको घटनाप्रति निन्दा व्यक्त गरेको परराष्ट्र मन्त्रालयले जनाएको छ ।

संयुक्त राष्ट्रसंघका अनुसार हिजबुल्लाह समूहमाथि इजरायली सेनाले आक्रमण गर्ने क्रममा राष्ट्रसंघीय मिसनमा खटिएका अन्तर्राष्ट्रिय शान्ति सेनासमेत घाइते भएका छन् । मंगलबार सामाजिक सञ्जाल एक्समार्फत मन्त्रालयले शान्ति मिसनमा खटिएका सैनिकहरूमाथि भएको आक्रमणको कडा निन्दा गर्दै शान्ति स्थापनामा खटिने सैनिकको सुरक्षाको प्रत्याभूति दिलाउन द्वन्द्वरत दुवै पक्षसँग आग्रह गरेको छ । परराष्ट्रले दसैं बिदा सकेपछि कार्यालय खुलेसँगै लेबनान घटनाबारे प्रतिक्रिया दिएको हो ।

(क्रमशः पृष्ठ २ मा)

### ‘नेपाली शान्ति सैनिक सुरक्षित’

संयुक्त राष्ट्रसंघको आह्वानमा शान्ति स्थापनार्थ लेबनानमा खटिएका सम्पूर्ण नेपाली शान्ति सैनिक सुरक्षित रहेका नेपाली सेनाले जनाएको छ । सैनिक प्रवक्ता गौरवकुमार केसीले शान्ति मिसनमा त्यहाँ रहेका नेपाली फौजसँग नियमित सम्पर्क भइरहेको र सम्पूर्ण फौज सुरक्षित रहेको जानकारी दिए ।

प्रवक्ता केसीले लेबनानको विकसित परिस्थितिका आधार संयुक्त राष्ट्रसंघ र मिसन मुख्यालयबाट हुने निर्णय र निर्देशानुसार नेपाली शान्ति सैनिक खटाइने बताए । ‘शान्ति मिसन वरपर छिटपुट घटना भएका छन्, यसबाट दैनिकी र कार्यसम्पादनमा असर परिरहेको छ, संयुक्त राष्ट्रसंघको निर्देशन नेपाली शान्ति सेनाले पालना गर्ने छ,’ सैनिक प्रवक्ता केसीले भने । हाल लेबनानमा ८७७ नेपाली शान्ति सैनिक छन् । इजरायलभन्दा लेबनान जोखिमपूर्ण क्षेत्र भएको यसअघि परराष्ट्रमन्त्री डा. आरजु राणा देउवाले बताएकी थिइन् ।

# भाटभाटेनी साहुबाट पाएको ‘दसैं दक्षिणा’ले एमाले आलोचित



साढे पाँच लाख पार्टी सदस्यको स्वाभिमानी शिर झुकाउने र २८ लाख मतदाताको अपमान गर्ने कदम हो यो ।

**विन्दा पाण्डे**
एमाले स्थायी कमिटी सदस्य



सस्तो लोकप्रियताका लागि, मिडिया कन्जम्सन, पब्लिक कन्जम्सनका लागि फगत पेपर वार नगरौं, सोसल मिडियाको दुरुपयोग नगरौं ।

**राजेन्द्र गौतम**
प्रचार विभाग प्रमुख, एमाले



आफ्नो जिम्मेवारी पूरा गरेको छु । कर्तव्य पूरा गरेको छु । यसमा अन्यथा केही पनि छैन ।

**मीनबहादुर गुरुङ**
सञ्चालक, भाटभटेनी सुपरमार्केट



*फाइल तस्बिर*

**कीर्तिपुरमा यही असोज २५ गते पार्टी मुख्यालय भवनको शिलान्यास गर्दै एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीदम्पती, साथमा जग्गादाता मीनबहादुर गुरुङदम्पती ।**

■ **प्रभाव संवाददाता**

**काठमाडौं–** कीर्तिपुर गेटबाट करिब डेढ किलोमिटरको दूरीमा छ, लामा ड्राइभिङ स्कुल । कीर्तिपुर नगरपालिका वडा नं. २ मित्रनगरमा पर्ने यो ड्राइभिङ स्कुल नजिकै एउटा फाँट छ, जुन अहिले धेरैको चासोको विषय बनेको छ । कारण, एमालेलाई मुख्यालयका लागि भाटभाटेनीका सञ्चालकले जग्गा दान दिनु ।

विवादित व्यवसायी मीनबहादुर गुरुङले यो भवन निर्माणस्थल दसैंको टीकाको अघिल्लो दिन अर्थात् असोज २५ गते सार्वजनिकरूपमै एमाले अध्यक्ष एवं प्रधानमन्त्री केपी शर्मा ओलीलाई आफ्नो उपस्थितिमा शिलान्यास गर्न लगाए । काठमाडौंको बालुवाटारमा रहेको ललिता निवासको जग्गा प्रकरणमा मुछिएर पटक-पटक जेल परेका भाटभटेनी सुपरमार्केटका सञ्चालक गुरुङको दान लिएकै कारण यो फाँट सबैको चासोमा परेको हो । १० रोपनी १४ आना जग्गामा एमाले मुख्यालय बन्नेगरी गुरुङले दिएको दसैं दक्षिणा ओलीले स्वीकार गरेपछि सर्वत्र आलोचना भइरहेको छ ।

भवन शिलान्यासपछि एमाले महासचिव शंकर पोखरेलले यो जग्गा दानका रूपमा आएको बताए । ‘१० रोपनी १४ आना जग्गा दान गर्नुभएको छ । मीनबहादुर र सावित्री गुरुङले दानको रूपमा दिनुभएको हो,’ शिलान्यासकै दिन महासचिव पोखरेलले भनेका थिए ।

### ऐचोपैंचो पूरा !

ललिता निवास जग्गा प्रकरणमा गुरुङलाई नेपाल प्रहरीको केन्द्रीय अनुसन्धान ब्युरो (सिआइबी)ले २०८० असार १२ गते पक्राउ गरेको थियो । यसअघि गुरुङ यही प्रकरणमा २०७७ माघमा पनि पक्राउ परेका थिए । ललिता निवासको ११३ रोपनी जग्गा विभिन्न व्यक्तिको नाममा दर्ता गर्ने क्रममा गुरुङको संलग्नता देखिएको भन्दै उनलाई मुद्दा दायर गरेको थियो । पक्राउ परेको ७६ दिनपछि गुरुङ २०८० भदौ २४ गते रिहा भएका थिए । गुरुङ दुई करोड ४६ लाख रूपैयाँ धरौटीसहित रिहा भए ।

सोही दिन ओलीले च्यासलमा पार्टीको सहकारी तथा गरिबी निवारण विभागले आयोजना गरेको कार्यक्रममा गुरुङ पक्राउको विरोध गरेका थिए । नेकपा माओवादी केन्द्रका अध्यक्ष पुष्पकमल दाहाल नेतृत्वको सरकार भएको बेला पक्राउ गरेकोले ओलीले माओवादीको आलोचनासमेत गरेका थिए । ‘माओवादीहरू भाटभाटेनी, भाटभाटेनी, भाटभाटेनी...,मीनबहादुर,मीनबहादुर,मीनबहादुर, मीनबहादुर, गुरुङको छोरा भारी बोकेर आएको कसरी गरी खायो ।

(क्रमशः पृष्ठ २ मा)

### पटक–पटक कार्यालय सार्दै एमाले

अरू प्रमुख पार्टीहरूको स्थायी कार्यालय भए पनि एमालेले भने पटकपटक कार्यालय सार्दै आएको छ । भूकम्पअघिसम्म बल्खुमा रहेको कार्यालयमा एमालेले कार्यालय सञ्चालन गर्दै आएको थियो । त्यसपछि धुम्बाराहीस्थित पासाङल्हामु प्रतिष्ठानको भवनमा पार्टी कार्यालय सरेको थियो । त्यतिबेला पनि एमाले कार्यालयबारे विवाद आएको थियो । पछि कृपासुर शेर्पाको समन्वयमा कार्यालय केही पर सारिएको थियो ।

त्यहाँबाट पनि एमाले कार्यालय थापाथलीस्थित व्यापारी सञ्जय अग्रवालको घरमा सर्‍यो, २०७८ मा । त्यहाँ पनि घर साँघुरो भएको भन्दै २०७९ मा ललितपुरको च्यासलमा रहेको तुलसीलाल अमात्य प्रतिष्ठानमा कार्यालय सारेको हो । हाइटेकसहित सुविधा सम्पन्न कार्यालय बनाउनेगरी अघि बढेको एमालेको योजना गत असोज ११ गतेको अविरल वर्षाका कारण आएको बाढीले डुबानमा पारेपछि पार्टी कार्यालयको विकल्प खोजेको बताइएको छ ।

**सन्दर्भः वैदेशिक रोजगार**

### रेमिट्यान्समा उल्लेख्य वृद्धि

# भदौ महिनामा भित्रियो दुई खर्ब ६३ अर्ब

■ **प्रभाव संवाददाता**




**काठमाडौं–** चालु आर्थिक वर्ष २०८१/८२ को दोस्रो महिनामा मुलुक भित्रिने रेमिटयान्स (विप्रेषण) १५ प्रतिशतले बढेको छ । नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको मुलुकको वर्तमान आर्थिक तथा वित्तीय स्थितिसम्बन्धी प्रतिवेदनमा रेमिटयान्स वृद्धि भएको पाइएको हो ।

प्रतिवेदनअनुसार भदौ महिनामा दुई खर्ब ६३ अर्ब १४ करोड रूपैयाँ रेमिटयान्स भित्रिएको छ । समीक्षा अवधिमा विप्रेषण आप्रवाह १५.२ प्रतिशतले वृद्धि भएको राष्ट्र बैंकले जनाएको छ । गत साउन महिनामा दुई खर्ब २८ अर्ब ३७ करोड विप्रेषण भित्रिएको थियो ।

अघिल्लो वर्षको सोही अवधिमा विप्रेषण आप्रवाह १८.७ प्रतिशतले बढेको थियो । अमेरिकी डलरमा विप्रेषण आप्रवाह एक अर्ब ९६ करोड पुगेको छ । अघिल्लो वर्ष यस्तो आप्रवाह एक अर्ब ७३ करोड थियो ।

समीक्षा अवधिमा वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत (नयाँ) लिने नेपालीको संख्या ७६ हजार ४८५ र पुनः श्रम स्वीकृति लिनेको संख्या ४० हजार ५८३ रहेको राष्ट्र बैंकले जनाएको छ। अघिल्लो वर्षको सोही अवधिमा यस्तो संख्या क्रमशः ७४ हजार ४५५ र ३२ हजार चार रहेको थियो ।

मुलुकमा भित्रिएको रेमिटयान्समा वैदेशिक रोजगारीमा गएका नेपालीहरूले वैधानिक च्यानलबाट पठाएका रकममात्र समावेश गरिएको छ। हुण्डीलगायत विभिन्न अवैधानिक च्यानलमार्फत भित्रिने रकम यसमा गणना हुँदैन । सरकारले अवैधानिक च्यानलबाट रेमिटयान्स पठाउने कार्यलाई निरुत्साहित गर्न विभिन्न योजना अघि सारेको छ । बैंक खातामा विप्रेषण पठाउन श्रमिकहरूलाई प्रोत्साहित गर्दै आएको सरकारले उनीहरूका लागि यसअघि नै विभिन्न सुविधा प्रदान गर्दै आएको छ ।

> समीक्षा अवधिमा विप्रेषण आप्रवाह १५.२ प्रतिशतले वृद्धि

> वैदेशिक रोजगारीका लागि अन्तिम श्रम स्वीकृति (संस्थागत तथा व्यक्तिगत (नयाँ) लिने श्रमिकको संख्या ७६ हजार ४८५ र पुनः श्रम स्वीकृति लिनेको संख्या ४० हजार ५८३

गत साउनमा राष्ट्र बैंकले ल्याएको चालु आर्थिक वर्षको मौद्रिक नीतिमा थप व्यवस्था गरिएको छ। जसमा बैंक खातामा रेमिटयान्स पठाउने श्रमिकका लागि विनाधितो ऋणको सुविधा दिने व्यवस्था गरिएको छ । ‘नेपाल सरकारको २०८१/८२ को बजेट वक्तव्यमा उल्लेख भएअनुसार वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चितताका आधारमा विनाधितो ऋण उपलब्ध गराउने व्यवस्था गरिने छ,’ मौद्रिक नीतिमा भनिएको छ। सरकारले चालु आर्थिक वर्षको बजेटमा नै यो व्यवस्था गरेको थियो । राष्ट्र बैंकले बजेटमा भएको व्यवस्थालाई कार्यान्वयनमा लैजाने वातावरण तय गरेको हो ।

राष्ट्र बैंकले गरेको यो नयाँ व्यवस्थाले वैदेशिक रोजगारीमा रहेकाहरूलाई थप उत्साहित बनाएको देखिन्छ । जसको सकारात्मक परिणाम भदौ महिनामा भित्रिएको रेमिटयान्सले पनि देखाएको बुझ्न सकिन्छ ।

सरकारले चालु आर्थिक वर्षमा वैदेशिक रोजगारबाट फर्किएका एक लाख जनालाई स्वरोजगार बनाउने महत्त्वाकांक्षी योजना घोषणा बजेटमार्फत अघि सारेको छ । ‘वैदेशिक रोजगारबाट फर्किएका नागरिकको ज्ञान, सीप र पुँजीमार्फत उद्यमशीलता प्रवर्द्धन गर्न रिटर्नी उद्यमशीलता कार्यक्रम सञ्चालन गरी कम्तीमा एक लाख रिटर्नीलाई स्वरोजगार बनाइने छ,’ बजेटको बुँदा नं. १३८ मा उल्लेख छ ।

त्यस्तै वैदेशिक रोजगारीमा जान श्रम स्वीकृति लिएका व्यक्तिलाई बैंक खातामा विप्रेषण पठाउने सुनिश्चितताका आधारमा विनाधितो ऋण उपलब्ध गराइने पनि सोही बुँदामा उल्लेख गरिएको छ । विभिन्न देशसँग गरिएका श्रम सम्झौता पुनरावलोकन गरी वैदेशिक रोजगारीमा जाने श्रमिकका लागि न्यूनतम पारिश्रमिक, सामाजिक सुरक्षा, मर्यादित रोजगारी, बिमा र तत्काल गुनासो सम्बोधनलगायतका विषयहरू थप व्यवस्थित गर्नेसमेत बजेटमा रहेको छ ।

यस्तै नयाँ र आकर्षक गन्तव्य मुलुकहरूको पहिचान गरी रोजगारीका अवसरहरूको उपयोग गर्ने नीति अघि सारिएको छ। वैदेशिक रोजगारीबाट भित्रिने विप्रेषणले मुलुकको अर्थतन्त्र धानिरहेको तथ्यांकबाट प्रस्ट हुन्छ । अर्थतन्त्र संकटमा रहेको अवस्थामा रेमिटयान्स बढ्दा मुलुकलाई राहत पुगेको अवस्था छ ।


जनहितमा जारी सन्देश



# हेटौंडास्थित कीटजन्य रोग नियन्त्रण केन्द्रको स्तरोन्नतिका लागि स्वास्थ्यमन्त्रीको आग्रह

**काठमाडौं (प्रस)–** स्वास्थ्य तथा जनसंख्यामन्त्री प्रदीप पौडेलले हेटौंडास्थित विश्व स्वास्थ्य संगठन (डब्ल्युएचओ) को कीटजन्य रोग नियन्त्रण अनुसन्धान तथा तालिम केन्द्रको स्तरोन्नति गरी क्षेत्रीय अनुसन्धान केन्द्रका रूपमा विकास गर्न आग्रह गरेका छन् ।

जर्मनीको बर्लिनमा आयोजित विश्व स्वास्थ्य शिखर सम्मेलनमा सहभागी हुन त्यहाँ रहेका उनले डब्ल्युएचओका महानिर्देशक डा. टेड्रोस गिब्रिएससँगको भेटमा यस्तो आग्रह गरेका हुन् । मन्त्री पौडेलले नेपालमात्र नभएर दक्षिणपूर्वी एसियाकै अनुसन्धान केन्द्रका रूपमा विकास गरी लाभ लिन सकिने उल्लेख गर्दै यसका लागि गर्नुपर्ने सहजीकरणका लागि नेपाल सधैं तयार रहेको बताए ।

जवाफमा महानिर्देशक टेड्रोसले नेपालले संगठनको स्वास्थ्य लक्ष्य पूरा गर्न महत्त्वपूर्ण योगदान दिएको चर्चा गर्दै मन्त्री पौडेलले राखेको प्रस्तावमा आफू सकारात्मक रहेको बताएका स्वास्थ्य तथा जनसंख्या मन्त्रालयको समन्वय महाशाखा प्रमुख डा. भीम सापकोटाले जानकारी दिए ।

सम्मेलनका क्रममा मन्त्री पौडेलले विश्वव्यापी खोप अलायन्स गाभीका कार्यकारी अधिकृत सानिया निस्तारसँग पनि भेटवार्ता गरे । त्यस अवसरमा उनले बालबालिकामा हुने क्यान्सरसँग जुध्नका लागि नेपालले प्रयास गरिरहेको र यस कार्यमा आवश्यक खोप सहयोगका लागि आग्रह गरे । मन्त्री पौडेलले डेंगीलगायत छ प्रकारका खोप निःशुल्क उपलब्ध गराउन उनमार्फत विश्व समुदायको ध्यानाकर्षण गराए ।

यसैगरी उनले जर्मनीका संघीय स्वास्थ्यमन्त्री कार्ल लउटरबचसँगको भेटवार्ताका क्रममा नेपालले डिजिटल स्वास्थ्यमार्फत स्वास्थ्य सुधार कार्यलाई अगाडि बढाउने बताए । जर्मन स्वास्थ्यमन्त्री कार्लले जर्मन अन्तर्राष्ट्रिय सहायता एजेन्सीमार्फत नेपाललाई दिन लागिएको करिब ३० मिलियन युरो स्वास्थ्य सहायताको प्राथमिकताबारे जिज्ञासा राखेका थिए ।

### नेपालका महिला स्वास्थ्य स्वयंसेविकाको प्रशंसा

विश्व स्वास्थ्य क्षेत्रका सरोकार भएकाहरूले नेपालका महिला स्वास्थ्य स्वयंसेविकामार्फत बालबालिका तथा महिलाको खोप तथा पोषणमा सुधार भइरहेको भन्दै प्रशंसा गरेका छन् । विश्व स्वास्थ्य शिखर सम्मेलनको एक कार्यक्रममा स्वास्थ्यमन्त्री पौडेलले नेपालको दूरदराजमा क्रियाशील ५२ हजार महिला स्वास्थ्य स्वयंसेविकाले पोषण र मातृशिशु स्वास्थ्य सुधारका लागि उदाहरणीय काम गरेको बताए । उनीहरूकै प्रभावकारी भूमिका र योगदानका कारण मातृशिशु मृत्युदर कम गर्न सकिएको उल्लेख गरे ।

मन्त्री पौडेलले नर्वेका स्वास्थ्यमन्त्री जाँ क्रिश्चियन भेस्ट्रे तथा संयुक्त राष्ट्रसंघीय बाल कोष (युनिसेफ) का शीर्ष अधिकारीसँगसमेत भेटवार्ता गरेका थिए । त्यस अवसरमा युनिसेफका उपकार्यक्रम निर्देशक ओमर अब्दीसँग मन्त्री पौडेलले महिला स्वास्थ्य स्वयंसेविकाको परिचालन व्यवस्थित बनाउन र उनीहरूको सशक्तीकरणका लागि आवश्यक सहयोग गर्न आग्रह गरेका थिए ।

जवाफमा अब्दीले महिला स्वास्थ्य स्वयंसेविकाको योगदान प्रशंसनीय रहेको बताउँदै यस कार्यमा सहयोग गर्न आफूले पहल गर्ने विश्वास दिलाएको जनाइएको छ ।

# चिसो बढ्दै, आवश्यक सतर्कता अपनाउन अनुरोध

**काठमाडौं (प्रस)–** मुलुकमा अहिले मनसुन बाहिरिएर 'पोस्ट' मनसुन चलिरहेको छ । सँगसँगै पछिल्ला दिनमा पश्चिमी वायुका साथै स्थानीय वायुको प्रभावले मुलुकका कतिपय स्थानमा बदली र वर्षा भइरहेको छ । मनसुन सकिएर पोस्ट मनसुन चलिरहेकाले क्रमशः चिसो बढ्दै गएको मौसमविद्ले बताएका छन् । यही असोज ११ र १२ गतेको अविरल वर्षापछि मौसम सुधार आएको छ ।

गत असोज २७ गते नेपालबाट मनसुन पूर्णरूपमा बाहिरिएको थियो । खुला आकाश भएकाले दिउँसो घाम लागे पनि साँझ र बिहान निकै चिसो महसुस गरिएको छ । संघीय राजधानी काठमाडौं उपत्यकामा पछिल्लो एकसातामा चिसो क्रमिकरूपमा बढिरहेको जल तथा मौसम विज्ञान विभाग मौसम पूर्वानुमान महाशाखाले जनाएको छ ।

महाशाखाका मौसमविद् सञ्जिव अधिकारीका अनुसार यही असोज १५ गते काठमाडौंको न्यूनतम तापक्रम २० डिग्री सेल्सियस हाराहारी रहेकामा त्यसको एक सातापछि अर्थात् सोमबार र मंगलबार न्यूनतम तापक्रम १६ डिग्री हाराहारी कामय रहेको छ । 'काठमाडौंमा चिसो निरन्तररूपमा बढिरहेको छ,' मौसमविद अधिकारीले भने, 'पछिल्लो १५ दिनमा तापक्रम विस्तारै घट्दै गइरहेको छ ।'

महाशाखाको विवरणमा आइतबार काठमाडौंको न्यूनतम तापक्रम १४.७ डिग्री सेल्सिय पुगेको थियो । सोमबार १६ डिग्री सेल्सियस कायम भएको छ । काठमाडौंसहित देशका अधिकांश स्थानमा ह्वात्तै तापक्रम घटेको छ । मौसमविद् अधिकारीले दुई सातामा पाँच डिग्री तापक्रम घट्नुले चिसो बढाएको देखिएको उनको भनाइ छ । पोस्ट मनसुनपछि चिसो मौसम सुरु हुने भएकाले आवश्यक सतर्कता अपनाउन अनुरोध गरिएको छ ।

लुम्बिनी, सुदूरपश्चिम, कर्णाली र गण्डकी प्रदेशमा पश्चिमी वायुको प्रभाव सामान्य र कोशी प्रदेश, मधेस र बाग्मती प्रदेशमा आंशिक प्रभाव पर्नुका साथै स्थानीय वायुको पनि आंशिक प्रभाव रहेको महाशाखाले जनाएको छ ।

पृष्ठ १ बाट क्रमशः

## भाटभाटेनी साहुबाट...

गर्न खान दिनु हुँदैन,' भदौ २४ गते एमालेको मुख्यालयमा पार्टीको सहकारी तथा गरिबी निवारण विभागले आयोजना गरेको कार्यक्रममा ओलीले भनेका थिए, 'त्यो मीनबहादुर गुरुङलाई किन समातेको ? किन कारबाही गरेको ? पाँच-छ जनाले किनिसकेको जमिन उनले त धनीपुर्जा हेर्‍यो, जसका नाममा धनीपुर्जा छ, उसैको नाममा किन्यो त ।'

यसै विषयलाई लिएर धेरैले एमाले अध्यक्ष ओली र गुरुङबीच सौदाबाजी हुनसक्ने आशंका गरेका छन् । करिब एक अर्ब रूपैयाँबराबरको जग्गा दानपछि लामो सास फेर्दै गुरुङले भनेका छन्- आफ्नो जिम्मेवारी पूरा गरेको छु । कर्तव्य पूरा गरेको छु ।

यद्यपि गुरुङले यसमा कुनै 'हिडन इन्ट्रेस्ट' नभएको तर्क गरेका छन् । 'यसमा अन्यथा केही पनि छैन,' गुरुङले भनेका छन् ।

### चौतर्फी आलोचना, नेतृत्वको निर्णयविरुद्ध नबोल्न एमालेको चेतावनी

दसैंको दक्षिणाको रूपमा एमालेले विवादित व्यवसायीको दान स्वीकारेपछि यस विषयमा चौतर्फी आलोचना बढेको छ । सर्वसाधारणले यो विषय चर्काएपछि दलका नेताहरूले मुख खोल्न थालेका छन् । संसद्को राज्य व्यवस्था तथा सुशासन समितिका सभापतिसमेत रहेका कांग्रेस नेता रामहरि खतिवडाले यो प्रकरणले दुवैको साख गुमेको बताएका छन् । 'नेकपा एमालेको पार्टी अफिस प्रकरणमा प्रधानमन्त्री केपी ओली र समाजसेवी मीनबहादुर गुरुङ दुवैको साख उठेन । के हुँदै छ आफैंले बुझ्दा अझ राम्रो । केही नलेखेर बस्न मन थियो तर मन मानेन,' खतिवडाले भनेका छन् ।

यस विषयमा एमाले नेताहरू मौन छन् । सोमबारमात्र एमाले स्थायी कमिटी सदस्य विन्दा पाण्डेले भने पार्टीको कदमको विरोध गरेकी छन् । 'साढे पाँच लाख पार्टी सदस्यको स्वाभिमानी शिर झुकाउने र २८ लाख मतदाताको अपमान गर्ने कदम हो यो । व्यापार व्यवसाय गर्नेले पारदर्शीरूपमा कम्पनीको सामाजिक दायित्वअन्तर्गत सामाजिक काममा सहयोग गर्नु कर्तव्य नै हो । तर, राजनीतिक दलले कार्यालय बनाउन यस्तो सहयोग लिनु र व्यापारीले दिनु दुवै गलत हो । दिनेले किन र कसरी दिए ? उनैलाई थाहा होला,' सामाजिक सञ्जाल फेसबुकमा पाण्डेले लेखेकी छन् ।

उनले यो निर्णय दीर्घकालमा आत्मघाती सावित हुने चेतावनी दिएकी छन् । 'समय घर्किसकेको छैन, मनमोहन र मदनहरूले उँचो बनाएको पार्टीको इतिहास, वर्तमानमा बाँचेको स्वाभिमानी पार्टीपंक्ति र भावी सन्ततिका लागि एमालेको गौरव जोगाउने हो भने यो गलत निर्णय सच्याउनैपर्छ । समयमै सोचौं,' पाण्डेको भनाइ छ ।

एमाले प्रचार विभाग प्रमुख राजेन्द्र गौतमले भने यो निर्णय कुनै भावना र आवेशमा नभएको उल्लेख गर्दै यही ठाउँमा एमाले भवन बन्ने बताए । 'यो भावना र आवेशको निर्णय हैन, निर्णय सही भएको छ,' गौतमले भने । गौतमले मंगलबार एक विज्ञप्ति जारी गर्दै अनेकखालका भ्रम फैलाउने काम नगर्न चेतावनी दिएका छन् । 'बाढी, लेदोले क्षतविक्षत भएको नेकपा एमालेको केन्द्रीय कार्यालयको दुरावस्थादेखि नयाँ कार्यालय भवन निर्माणका लागि १० रोपनी १४ आना जग्गा प्रदान गर्नुभएको हो । यसमा कुनै किसिमको लेनादेना छैन, स्वेच्छाले जग्गा दान गर्नुभयो, एमालेले ग्रहण गर्‍यो,' गौतमले भनेका छन् ।

उनले तथ्य बुझेरमात्रै आफ्ना धारणा राख्न पार्टीका नेता कार्यकर्तालाई चेतावनी दिएका छन् । 'सस्तो लोकप्रियताका लागि, मिडिया कन्जम्सन, पब्लिक कन्जम्सनका लागि फगत 'पेपर वार' नगरौं, सोसल मिडियाको दुरूपयोग नगरौं,' गौतमले चेतावनी दिएका छन् ।

■■■

## शान्ति सैनिकमाथि...

हिंसा र आक्रमणको शृंखला तुरुन्त रोकी उक्त घटनाको विस्तृत छानबिनसहित सुरक्षाको प्रत्याभूति दिलाउनसमेत सम्बद्ध पक्षसँग मन्त्रालयले आग्रह गरेको छ ।

दक्षिणी लेबनानस्थित शान्ति मिसनको आधार शिविरभित्र प्रवेश गरी इजरायली सेनाले गरेको हिजबुल्लाह लक्षित आक्रमणमा परी छ जना शान्ति सैनिक घाइते भएको अन्तर्राष्ट्रिय सञ्चारमाध्यमले जनाएका छन् । यसैबीच, इजरायलले शान्ति सेना हटाउन अनुरोध गरेकामा संयुक्त राष्ट्रसंघले नहटाउने निर्णय गरेकोसमेत जनाइएको छ ।

संयुक्त राष्ट्रसंघको शान्ति मिसनमा उल्लेख्य संख्यामा सेना खटाई विश्व शान्ति स्थापना अभियानमा महत्त्वपूर्ण भूमिका निर्वाह गर्दै आएको नेपालले संयुक्त राष्ट्रसंघको अनुरोधमा द्वन्द्वग्रस्त मुलुक लेबनानमा पनि आफ्नो सेना खटाएको छ । इजरायली आक्रमणको निन्दा गर्दै संयुक्त हस्ताक्षर गर्ने देशहरूका तर्फबाट संघर्षरत दुवै पक्षलाई युद्धमा अन्तर्राष्ट्रिय कानुन पालना गर्न र शान्ति सुव्यवस्था, अमनचैन कायम राख्न आह्वान गरिएको छ ।

यसरी हस्ताक्षर गर्ने देशहरूमा नेपालसहित चीन, फ्रान्स, संयुक्त अधिराज्य बेलायत, बंगलादेश, श्रीलंका, अर्मेनिया, ब्राजिल, अस्ट्रिया, कम्बोडिया, साइप्रस, एलसाल्भाडोर, इस्टोनिया, फिजी, फिनल्यान्ड, घाना, ग्वाटेमाला, हंगेरी, इन्डोनेसिया, इटली, कजाकिस्तान, कोरिया, लातभिया, मलेसिया, माल्टा, मंगोलिया, नेदरल्यान्ड, पोल्यान्ड, कतार, सियरालियोन, स्पेन रहेका छन् ।

### शान्ति सेना नहटाउने राष्ट्रसंघको अडान

संयुक्त राष्ट्रसंघले दक्षिणी लेबनानबाट शान्ति सैनिक (युएनआइएफएल) नहटाउने भएको छ । गाजापछि लेबनानमा आक्रमण गरिरहेको इजरायलले शान्ति सैनिकमाथि आक्रमण गरेर उनीहरूलाई हट्न चेतावनी दिएको थियो ।

गत साता इजरायलले दुईपटक आक्रमण गर्दा शान्ति सैनिक घाइते भएका थिए । त्यसपछि इजरायलका प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले दक्षिण लेबनानबाट शान्ति सैनिकलाई हटाउन चेतावनी दिएका थिए । शान्ति सैनिक अपरेसनका प्रमुख ज्यान पियरे लेक्रोइक्सले लेबनानमा रहेका शान्ति सैनिकलाई नहटाउने बताएका हुन् ।

संयुक्त राष्ट्रसंघको सुरक्षा परिषद् र लेबनान मिसनमा आर्थिक सहयोग गरिरहेका देशको यो निर्णयमा पूरा समर्थन रहेको बताइएको छ । कुन देशमा शान्ति सैनिक खटाउने भन्ने निर्णय सुरक्षा परिषद्ले गर्ने गर्छ । नेतान्याहूले शान्ति सैनिकले लेबनानमा इरान समर्थित समूह हजबुल्लाहको 'ढाल' बनेर सहयोग गरिरहेको आरोप लगाएका छन् ।

सन् १९७८ मा सुरक्षा परिषद्को निर्णयानुसार लेबनानमा शान्ति सैनिक पठाइएको थियो । इजरायलबाट छुट्टिएपछि त्यहाँ शान्ति र सुरक्षा कायम गर्न युएनआइएफएल स्थापना गरिएको थियो ।


एनएमबि बैंक लिमिटेड
बबरमहल, काठमाडौं फोन नं.: ५३४६१६०
हकदावी गर्न आउने बारेको ३५ (पैंतीस) दिने सार्वजनिक सूचना
प्रकाशित मिति: २०८१/०६/३०

यस बैंकको निक्षेपकर्ता श्री टीका दत्त जोशीको नाति, श्री पदम राज जोशी शर्माको छोरा, साबिक डोटी जिल्ला, दुर्गामाण्डौ गा.वि.स. वडा नं. १ को हाल के.आई. सिहं गाउँपालिका वडा नं. ४ बस्ने वर्ष ८२ को श्री धनश्याम जोशी शर्मा (ना.प्र.नं. २८८/१४८७, जारी मिति २०३२/०९/१०) को मिति २०८०/१०/०८ गते के.आई. सिहं गाउँपालिका वडा नं. ४ चन्केसैन गाउँमा निधन भएकोले मृतकको नाममा यस बैंकमा खोलिएको सामाजिक सुरक्षा भत्ता खातामा रहेको रकमहरु उपलब्ध गराई दिनुहोस् भनी निजको बुहारी लक्ष्मी कुमारी फूलारा जोशीले मृत्यु दर्ताको प्रमाणपत्र, नाता प्रमाणित पत्र, निवेदन लगायतका कागजातहरु समेत संलग्न गरी निवेदन दिनु भएको हुँदा निज निक्षेपकर्ताको निक्षेपमा अन्य कुनै व्यक्तिको हकदावी रहेको भए यो सूचना प्रकाशित भएको मितिले ३५ दिनभित्र हकदावी गर्न आउनु हुन अनुरोध छ । अन्यथा उपरोक्त बमोजिमको निक्षेप रकमहरुमा निवेदकको माग बमोजिम मृतकको बुहारी लक्ष्मी कुमारी फूलारा जोशीको हक कायम हुने हुँदा सम्बन्धित सबैको जानकारीको लागि यो सूचना प्रकाशित गरिएको छ ।



**कतारमा रोजगार**
कम्पनी : FUTURE PIPE INDUSTRIES
शहर : DOHA, QATAR
पूर्व स्वीकृति मिति : २०८१/०६/२९ LT. No. 312208 चलानी नं.६०२२६५७६

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Labor | 99 | 0 | 1000 | ३६,९२८ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक ७ गते (23th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

कल्याणकारी कोषसम्बन्धि व्यवस्था: रु. १,५००/- कामदार आफैंले सेवा शुल्क:

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Govt. Lic. No. 513/061/062
Herald International Pvt. Ltd.
New Baneshwor, Kathmandu, Nepal, Phone No.: +977-01-4575339,4568697, 4594101
E-mail : herald_international@yahoo.com



**साउदीमा रोजगार**
कम्पनी : RIG ENERGY CONTRACTING EST.
पूर्व स्वीकृति मिति : २०८१/०६/२९ LT. No. 312180 चलानी नं. ६०२२६५६५

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव SR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | HEAVY EQUIPMENT PAN DRIVER | 4 | 0 | 1800 | ६४,५७० | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक ७ गते (23th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | १०,००० | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी: १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्री पढेर मात्र सम्झौतामा हस्ताक्षर गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) कामका विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

GROWTH PROCESS INTERNATIONAL EMPLOYMENT PVT. LTD.
Basundhara–03, Kathmandu, Nepal Phone : +977-01-4383347,
E-mail: growth_processintl@yahoo.com, growthprocessintlemp@gmail.com
Govt. License 518/061/062



**कतारमा रोजगारको अवसर** Free Visa!! Free Ticket!!
कम्पनी : TEYSEER SERVICES COMPANY
पूर्व स्वीकृति मिति २०८१/04/07 पुन विज्ञापन स्वीकृति मिति : २०८१/०६/२९ LT. No. 307823 चलानी नं. ६०२२२५११

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव QR | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Assistant Cook | 5 | 0 | 1300 | ४८,००६ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |
| 2 | Clerical | 1 | 0 | 2100 | ७७,५४९ | | | | | | | |
| 3 | Cooker | 8 | 0 | 1500 | ५५,३९२ | | | | | | | |
| 4 | Driver | 3 | 0 | 1900 | ७०,१६३ | | | | | | | |
| 5 | LABOUR | 26 | 5 | 1000 | ३६,९२८ | | | | | | | |
| 6 | SUPERVISIOR | 6 | 0 | 2500 | ९२,३२० | | | | | | | |
| 7 | waiter | 7 | 3 | 1400 | ५१,६९९ | | | | | | | |
| 8 | Work Technician | 6 | 0 | 1500 | ५५,३९२ | | | | | | | |

अन्तरवार्ता हुने स्थान: संस्थाको कार्यालय काठमाडौंमा मिति: २०८१ कार्तिक ७ गते (23th Oct. 2024) मा हुनेछ । प्रि- अन्तरवार्ता धमाधम भइरहेको छ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने | भिषा शुल्क कसले दिने | कल्याणकारी कोषसम्बन्धि व्यवस्था: | सेवा शुल्क: | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

वैदेशिक रोजगार विभागबाट गराइएको जानकारी :- १. भिषा प्राप्त भएको सुनिश्चित गर्न एजेन्सीमा सम्पर्क गर्नुहोस् । २.आफु काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनैतिक नियोगको सम्पर्क ठेगाना र फोन नं हरु साथमा राख्नुहोला । आफु काठमाडौंमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३.यस विज्ञापन (सूचना)मा उल्लेख भएको सेवा, सुविधा र तलबको बारेमा स्पष्ट हुनुहोस् । ४.विदेश जानु अघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५.विदेश जानु अघि आफुजाने मुलुक, कामदिने कम्पनी, पाउने सेवा तथा सुविधार अन्य शर्तवारे राम्रो सँग पढेर मात्र सम्झौतापत्रमा हस्ताक्षर गर्नुहोला र सो को एक (१) प्रति आफुसंग राख्नुहोला । ६.काममा विदेश जादा नेपालकै विमानस्थल प्रयोग गर्नुहोला, अन्यथा ठगिने सम्भावना हुन्छ । ७.यस विज्ञापन सम्बन्धमा थप केहि बुझ्नुपरेमा वैदेशिक रोजगार विभाग, ताहाचलमा सम्पर्क गर्नुहोला ।

VISION & VALUE OVERSEAS PVT. LTD.
Dhapasi Marg, Basundhara, Kathmandu, Nepal, Tel- +977-4379749, 4379162, 43379450
Mobile: 9767659357/ 9767659356/ 9767659358 / 9863194834, 9863194832
Email:- visionhospitalityjobs@gmail.com | URL: www.vnvnepal.com
श्रम ईजाजत नं. ८२२/०६६/०६७


## आजको राशिफल



आचार्य श्री स्वामी ध्रुव, माइण्ड मेनेजमेन्ट गुरु
इन्टरनेसनल एस्टोलोजिकल फोरम
सानेपा, काठमाडौं, नेपाल
फोन : ९८४१५९२५५२,
Email: dhruvswamig@gmail.com

बुधबार, ३० असोज, २०८१

- **मेष** आफ्नै बेहोसीले नोक्सान पुर्याउला।
- **वृष** केही काम रोकिनाले रकम हातलागी नहुन सक्छ।
- **मिथुन** कमजोरीले केही समस्या उब्जाए पनि कार्य सम्पादन ।
- **कर्कट** रोकिएका काम बन्नाले उत्साह जाग्नेछ ।
- **सिंह** परिबन्धले अप्ठ्यारो स्थिति निम्त्याउन सक्छ।
- **कन्या** परिस्थिति सोचेजस्तो लक्ष्य प्राप्तिमा विलम्ब हुनेछ ।
- **तुला** धर्मकर्म र सेवामूलक काममा प्रवृत्त गराउनेछ।
- **वृश्चिक** मार्गदर्शन अनुचित लाग्नेछ ।
- **धनु** अवसर प्राप्त भए पनि उपलब्धि हातपार्न समय मान्यजनको
- **मकर** लाग्नेछपरिस्थितिवश विवादास्पद जिम्मेवारी वहन गर्नुपर्ला ।
- **कुम्भ** शुभचिन्तकहरूको साथले काममा उत्साह जाग्नेछ ।
- **मीन** समय फुर्सदिलो रहनाले भेटघाट गर्ने अवसर हुनेछ।

## प्रहरी तथा एम्बुलेन्स

| | |
|---|---|
| प्रहरी कन्ट्रोल क प्रहरी | १०० |
| जिल्ला प्रहरी (काठमाडौं) | ४२६१९४५/४२६१७९० |
| जिल्ला प्रहरी (ललितपुर) | ५५२१२०७ |
| जिल्ला पहरी भक्तपुर) | ६६१४८२१ |
| आकस्मिक पहरी सेवा | ४२२६९९९ |
| परोपकार एम्बुलेन्स सेवा | ४२६०८५९ |
| बिशालबजार एम्बुलेन्स सेवा | ४२४४१२१ |
| रेडक्रस एम्बुलेन्स सेवा | ४२२८०९४ |
| ललितपुर रेडक्रस एम्बुलेन्स सेवा | ५५४५६६६ |
| अग्रवाल सेवा केन्द्र | ४४२४८७५ |
| बाल हेल्पलाइन नेपाल | १०९८ |
| वालवालिका खोजतलास समन्वय केन्द्र | १०४/४२२६००६ |

## अस्पताल र विविध

| | |
|---|---|
| दमकल | १०१ |
| रक्तसञ्चार केन्द्र | ४२२५३४४ |
| नेपाल आँखा बैंक | ४४९३६८४ |
| नेपाल आँखा अस्पताल | ४२५०६९१ |
| मध्यपुर अस्पताल, भक्तपुर | ०१-६६३१६५८ |
| तिलगंगा आँखा अस्पताल | ४४९३६८४ |
| वीर अस्पताल | ४२२१९८८ |
| त्रिवि शिक्षण अस्पताल | ४४१२७०७ |
| प्रसूति गृह | ४२५३२७६ |
| टेकु अस्पताल | ४२५३३९६ |
| पाटन अस्पताल | ५५२२२७८ |
| भक्तपुर अस्पताल | ६६१०६७६ |
| मानसिक अस्पताल | ५५२१३३३ |
| कान्ति बाल अस्पताल | ४४१४७९८/४४२७४५२ |
| काठमाडौं मोडेल अस्पताल | ४२४०८०५/६ |
| बी एण्ड बी अस्पताल | ५५३३२०६ |
| मेडिकेयर नेसनल अस्पताल | ४४६७०६७ |
| मेडिकेयर नेसनल अस्पताल (एम्बुलेन्स) | ४४६७०६७ |
| फ्रेन्डस् अफ शान्ता भवन | ४४७०१८१ |
| नेपाल अर्थोपेडिक अस्पताल | ४४९३७२५ |
| काठमाडौं मेडिकल कलेज तथा शिक्षण अस्पताल, सिनामंगल | ४४७६१५२ |
| नेपाल मेडिकल कलेज तथा शिक्षण अस्पताल, जोरपाटी | ४९११००८ |
| कान्तिपुर डेण्टल हस्पिटल, महाराजगञ्ज | ४३७०१३६ |
| कान्तिपुर हस्पिटल, सुविधानगर, तिनकुने | ४१११९५७/८५८ |
| ओम हस्पिटल एण्ड रिसर्च सेन्टर | ४४७६२२५ |
| नर्भिक, थापाथली | ४२५८५५४ |
| सहिद गंगालाल राष्ट्रिय हृदय रोग केन्द्र | ४३७१३२२/४३७१३७४ |
| लाइफ केयर अस्पताल | ४२२७७३५ |
| मितेरी अस्पताल | ६६३१७३६/६६३४०१६ |
| क्यापिटल हस्पिटल (प्रा.) लि. | ४२४४०२२ |
| श्री सत्यसाइ निःशुल्क एम्बुलेन्स/शववाहन (पूर्व काठमाडौं) | ४४९८०३५ |
| निःशुल्क होमियो दातव्य चिकित्सालय/शववाहन सेवा (काठमाडौं) | ४२५५५४०/४२५५५४१ |
| भक्तपुर रेडक्रस एम्बुलेन्स/रक्तसञ्चार सेवा | ६६१२२६६ |
| नेसनल किड्नी सेन्टर | ४३६३४५२/४३६०८८९ |
| मानसिक अस्पताल | ४४८०१७० |
| ह्याम्स अस्पताल, बुद्धनगर | ४७८४८४०/४७८५१५७ |
| ईशान बाल नर्सिंग होम तथा प्रसूति गृह (प्रा.) लि. | ४३५४५३७/४३८१९६२ |
| गोर्खा अस्पताल र रिसर्च इस्टिच्यूट | ४२५८५५२/४२५८५५१ |
| मनमोहन मेमोरियल अस्पताल, लैनचौर | ४४११६०५/४४२०८२३ |
| भरोसा अस्पताल प्रा.लि., बानेश्वर | ४४७४९६८/४४८९८९१ |

## शववाहन र विविध

| | |
|---|---|
| सामुदायिक मानसिक स्वा.से. केन्द्र, डांछी | ०१ ६९१२१४४ |
| जनमैत्री हस्पिटल, बालाजु | ४३६६३०१-०५ |
| विनायक अस्पताल तथा प्रसति गृह, गोंगबु | ४३८३१५२/४३८०८४८ |
| नेपाल चेम्बर अफ कमर्स | ४२३०२१३ |
| पशुपति आइघाट सेवा कन्द्र | ४४९२९९९ |
| देव कर्नर निःशुल्क शववाहन सेवा | ४४३४०९३ |
| नेपाल मिटर टयाक्सी संघ | ४२२४३७४ |

## नेपाल राष्ट्र बैंक

३० असोज, २०८१ (१६ अक्टुवर, २०२४)

| मुद्रा | एकाइ | खरिद दर | बिक्री दर |
|---|---|---|---|
| भारतीय रुपैयाँ | १०० को | १६०।०० | १६०।१५ |
| अमेरिकी डलर | १ को | १३४.०६ | १३४.६६ |
| युरो | १ को | १४८.०२ | १४८.६८ |
| पाउन्ड स्टिर्लङ | १ को | १७५.६६ | १७६.४४ |
| स्विस फ्रैन्क | १ को | १५७.७७ | १५८.४८ |
| अस्ट्रेलियन डलर | १ को | ९१.७४ | ९२.१५ |
| क्यानाडियन डलर | १ को | ९९.०२ | ९९.४६ |
| सिङ्गापुर डलर | १ को | १०३.३६ | १०३.८२ |
| जापानी येन | १० को | ९.१३ | ९.१७ |
| चिनियाँ युआन | १ को | १९.१० | १९.१९ |
| साउदी अरब रियाल | १ को | ३५.७२ | ३५.८८ |
| कतारी रियाल | १ को | ३६.७८ | ३६.९४ |
| थाई भाट | १ को | ४.०५ | ४.०६ |
| संयुक्त अरब इमिरेट दिराम | १ को | ३६.५० | ३६.६६ |
| मलेसियन रिङ्गेट | १ को | ३१.७६ | ३१.९० |
| दक्षिण कोरियन वन | १०० को | १०.०४ | १०.०९ |
| स्विडिस क्रोनर | १ को | १३.०२ | १३.०८ |
| डेनिस क्रोनर | १ को | १९.८४ | १९.९३ |
| हङकङ डलर | १ को | १७.२६ | १७.३४ |
| कुवेती दिनार | १ को | ४३८.२० | ४४०.१७ |
| बहराइन दिनार | १ को | ३५५.५७ | ३५७.१६ |

यो विनिमय दरलाई बैंकले आवश्यकता अनुसार जुनसुकै समयमा पनि संशोधन गर्न सक्नेछ । वाणिज्य बैंकहरूले ताक्ने विनिमय दर भने फरक हुन सक्नेछ । अद्यावधिक विनिमय दर बैंकको वेभसाइट www.nrb.org.np मा उपलब्ध हुनेछ ।

प्रभाव दैनिक
National Daily

## सम्पादकीय

### जटिल डेंगु संक्रमणबाट बचौं

चिसो बढ्दा लामखुट्टे घट्नुपर्नेमा झन् बढेको देखिन्छ । जसकारण हिजोआज डेंगुको रोगी बढ्दो छ । टेकुस्थित शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालमा डेंगु संक्रमण भएका बिरामीको चाप दिनानुदिन थपिन थालिएको अस्पतालको रेकर्डले देखाउँछ। डेंगुको आशंकामा रगत परीक्षण गर्नेहरूमध्ये ६० प्रतिशतमा 'पोजेटिभ' संक्रमण देखिएको छ ।

खासमा यो रोग दसैंको छेकोमा समुदायमा सल्किएको हुनसक्ने चिकित्सकले अनुमान गरेका छन् । यस अस्पतालका चिकित्सक डा. शेरबहादुर पुनका अनुसार केही दिनयता बिरामीको संख्या बढ्नुले समुदायमा डेंगु फैलिएको पक्का हुन्छ। टाउको दुख्ने, जीउ दुख्ने, जोर्नी वा मांसपेशीका दुख्ने र खाना खान पटक्कै मन नलाग्ने त्यस्तै, ज्वरो आउने, आँखाको गेडी दुख्ने वा खस्लाजस्तो हुने, शरीरमा स–साना राता बिमिराहरू देखिने, पखाला लाग्नेजस्ता समस्या यसका प्रारम्भिक लक्षण हुन्। कतिपयलाई खोकी पनि लागेको देखिन्छ। तर, खोकी डेंगुको कारणले हो वा फ्लू भाइरसले गर्दा हो भनेर छुट्याउने गरेको भने देखिँदैन । फेरि अहिले फ्लूको सिजन पनि भएकोले कोभिडको संक्रमण पनि सँगसँगै देखिएको छ ।

यदि डेंगु हो भने ज्वरो घटेको २४ देखि ४८ घण्टा बिरामीमा 'जटिल डेंगु' देखिने सक्ने सम्भावना प्रबल रहन्छ। चिकित्सकका अनुसार 'जटिल डेंगु'का पूर्वसंकेतहरू तारन्तार बान्ता हुनु, असाध्य पेट दुख्नु, नाक वा गिजाबाट रगत बग्नु, बेचैनी हुनु वा अत्यन्त कमजोर हुनु आदि हुन्। यस्ता संकेतहरू देखिए तुरुन्त स्वस्थ केन्द्र वा अस्पतालमा जानुपर्ने उनीहरूको सुझाव छ। परीक्षणबाट कलेजो आकार बढेको वा सुन्निएको तथा छाती वा पेटमा पानी भए/नभएको थाहा हुन्छ। रगतको जाँच गर्दा प्लेटेलेट्स तीव्र गतिमा घट्नु र हेमाटोकृत बढेको देखन्छ । डेंगु लागेपछि रगतमा प्लेटलेट्सको संख्या तीव्र रूपमा घट्न थाल्छ ।

अहिले धेरै मानिस 'वाकिङ डेंगु'को अवस्थामा रहेको चिकित्सकहरू बताउँछन् । 'वाकिङ डेंगु' भन्नाले डेंगु संक्रमित भई निरन्तर आफ्नो दैनिकीलाई निरन्तरता दिइरहेको अवस्थालाई हो । यस्तो अवस्थामा मान्छेहरू सामान्य समस्या ठानेर आफूखुसी औषधिसमेत खाँदै हिँड्डुल गरिरहेका हुन्छन्। हालसम्म रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा सामाजिक सञ्जालहरूमा डेंगु के हो, कसरी सर्छ र यसका लक्षणहरूका बारेमा जानकारीहरू दिने गरेको देखिएता पनि अबको प्रचारप्रसार तथा जानकारीहरू 'जटिल डेंगु' का पूर्वसंकेतबारेमा केन्द्रित हुनुपर्ने देखिन्छ । यसबाट डेंगुबाट हुने मृत्युदरलाई उल्लेखनीय रूपमा कम गर्न सकिने छ। सरकारले पनि यसबारे सचेतना कार्यक्रम सञ्चालन गर्नुपर्ने देखिन्छ।

## मनन्योग्य

### चाणक्य नीति

महात्मा विदुरलाई महाभारतमा महापात्र अर्थात् महान् बुद्धिमान भनिएको छ । उनले बोलेका कुराहरू ज्यादै नै समझदारीपूर्ण तथा सोचविचार पुर्‍याएर गरिएका गहिरा ठानिन्थे । विदुर एक अनुपमेय व्यवहारवादी व्यक्तित्व थिए । अन्धा राजा धृतराष्ट्रलाई सल्लाह दिने प्रधानमन्त्रीको रूपमा विदुर नियुक्त गरिएका थिए, जुन विदुरले जुवा, द्रौपदीको बस्त्रहरण, दुर्योधनको उद्दण्डता तथा पाण्डवसँग दुर्योधनले राख्ने सम्पूर्ण दुराग्रहको विरोध गरेका थिए। राजा र देशका लागि सदा इमानदार सेवक भएर आफ्नो पदमा रहेका थिए । अरूलाई जस्तो उनलाई दोष दिने कतै ठाउँ उनले छाडेनन्। सदा राजा, देश र न्यायको पक्षमा स्वयम् राजा धृतराष्ट्रसँग बहस गरेर आफ्नो इमान र धर्मको पालना गरे। उनी जस्तो नीतिश र चतुर आजको संसारमा अन्य कोही कतै जन्मेको छ ? छैन सबै पैसा, पद र शक्तिका दास मात्र छन् । महात्मा विदुर उद्भट विद्वान्, धर्म र नीतिका ज्ञाता तथा वैदिक कालको राजनीतिमा पोख्त थिए। यिनै कारणले गर्दा 'महाभारत' मा उनको विशिष्ट स्थान छ । यिनी सबैका लागि सम्माननीय थिए । परम अभिमानी र पाण्डवहरूप्रति अत्यधिक द्वेषपूर्ण भावना लिने दुर्योधनसमेत विदुरको निष्पक्षताका विषयमा पूर्णतः आश्वस्त रहन्थ्यो। विदुरको वाणी-संयम, समयानुकूल कुरा गर्नु (अर्थात् जुन कुरा भन्नैपर्ने हुन्छ कटु नै भए पनि न हिच्किचाएरै भन्ने बानी) यी सबै उनका सर्वश्रेष्ठ गुणहरू थिए ।

विदुर कति धेरै समादृत थिए भन्ने सम्बन्धमा एउटा प्रसंगलाई लिन सकिन्छ : बाह वर्ष वनवास र एक वर्षको गुप्तवासपश्चात् पाण्डवहरू विराटनगरमा प्रकट भएका थिए । राजा द्रुपद पनि विराटनगरमा गएर भावी कार्यक्रम र युद्धको तयारीबारे छलफल गर्दथे । राजा द्रुपदले आफ्ना पुरोहितलाई कुरु नरेश धृतराष्ट्रकहाँ पाण्डवहरूको राज्य फर्काउनेबारे खबर गर्न पठाए। पुरोहितले भनेको युक्तियुक्त भनाइलाई भीष्म आदिले अनुमोदन गर्दा पनि दुर्योधनले अस्वीकार गरिदियो। क्रमश :

# 'जटिल डेंगु' निम्त्याउन सक्ने पूर्वसंकेतहरू



■ डा. शेरबहादुर पुन

> हाल डेंगु संक्रमणको लहर रोक्न विभिन्न कारणले गर्दा चुनौती रहेको भएता पनि 'जटिल डेंगु'का पूर्वसंकेतलाई ध्यान दिनसक्ने हो भने डेंगुबाट हुनसक्ने मृत्युदरलाई उल्लेखनीय संख्यामा कम गर्न सकिन्छ । हालसम्म रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा सामाजिक सञ्जालहरूमा डेंगु के हो, कसरी सर्छ र यसका लक्षणहरूका बारेमा जानकारीहरू दिने गरेको देखिएता पनि अबको प्रचारप्रसार तथा जानकारीहरु 'जटिल डेंगु'का पूर्वसंकेतका बारेमा केन्द्रित हुनुपर्ने देखिन्छ । यसबाट डेंगुबाट हुने मृत्युदरलाई उल्लेखनीय रूपमा कम गर्न सकिने छ ।

बिदाको दिन सामान्यतया म तरकारी किन्न तरकारी बजार जाने गर्दछु। अनि फर्कंदा सार्वजनिक गाडीमा/बसमा फर्कने गर्दछु। केही दिनअगाडि मेरो ठीक पछाडिको सिटमा एक जोडी ज्वरो अनि टाउको/जीउ असाध्य दुखेको, खानामा अरुचि भएको भन्दै कुरा गर्दै थिए। अर्कोले भन्दै थियो सायद डेंगु पो हो कि ? भोलि चिकित्सकसँग परामर्श गरेर रगतको जाँच गराउनुपर्ला भन्दै बिरामीले भन्दै थिए। त्यस्तै अस्ति बिहानै कोठाको झ्यालबाहिर दुई व्यक्ति (सायद बिहानी हिँडाइमा थिए) ज्वरो अनि जीउ दुखेको भन्दै डेंगु लागेको शंका गर्दै थिए। यसबाट हाल समुदायमा डेंगु फैलिएको देखिन्छ।

डेंगु सुरुवा रोग हैन तर यो लामखुट्टेको टोकाइबाट सर्ने र फैलने गर्छ। डेंगु लक्षणहरूका बारेमा चर्चा हुने गरेको देखिएता पनि अधिकांश संक्रमितहरू लक्षण बोकेर नै आफ्नो कार्यक्षेत्रमा खटिरहेका पनि देखिन्छन्। कतिपय भने घरमा नै आराम गरेर स्वास्थलाभ गरिरहेका अवस्था छ। डेंगुका लक्षणहरूका बारेमा धेरै सुनेको र व्यापक प्रचार भएको पनि देखिन्छ तर जटिलता निम्त्याउनसक्ने संकेतहरूका बारेमा भने कमैलाई थाहा भएको देखिन्छ। सन् २०२२ मा अधिकांश डेंगुबाट मृत्यु भएकाहरू भर्ना हुँदा नै जटिल डेंगु लिएर आएका तथ्यांक देखिन्छ तर हामीले विगतमा देखिएका कमीकमजोरीबाट सिकेर आगामी दिनहरूमा डेंगुको मृत्युदरलाई घटाउने कोसिस गर्नुपर्दछ। यसर्थ डेंगु मृत्युदर वा जटिलता घटाउने एक मुख्य उपायमध्ये 'जटिल डेंगु' का पूर्वसंकेतहरूका बारेमा थाहा पाउनु पनि आवश्यक छ।

अधिकांश डेंगु संक्रमितमा सुरुमा 'फेब्राइल फेज' देखिने गर्दछ। यसमा मुख्यतया टाउको दुख्ने, जीउ दुख्ने, जोर्नी वा मांसपेशीका दुख्ने र खाना खान पटक्कै मन नलाग्ने हुन्छ। त्यस्तै, ज्वरो आउने, आँखाको गेडी दुख्ने वा खस्लाजस्तो हुने, शरीरमा स-साना राता बिमिराहरू देखिने, पखाला लाग्नेजस्ता समस्या पनि देखिने गर्दछ। कतिपयलाई खोकी पनि लागेको देखिन्छ। तर, खोकी डेंगुको कारणले हो वा फ्लू भाइरसले गर्दा हो भनेर छुट्याउने गरेको भने देखिँदैन। वास्तवमा हाल फ्लूको सिजन पनि हो भने कोभिडको संक्रमण पनि सँगसँगै देखिएको छ। 'फेब्राइल फेज' औसतमा झण्डै आठदेखि १० दिनमा देखिने गर्दछ। ज्वरो घटेको २४ देखि ४८ घण्टा बिरामीमा 'जटिल डेंगु' देखिनसक्ने सम्भावना प्रबल रहन्छ।

*जटिल डेंगु'का पूर्वसंकेतहरू के-के हुन् त ?*
*तारन्तार बान्ता हुनु,*
*असाध्य पेट दुख्नु,*
*नाक वा गिजाबाट रगत बग्नु,*
*बेचैनी हुनु वा अत्यन्त कमजोर हुनु आदि ।*

माथि उल्लिखित लक्षण वा संकेतहरू घरमा संक्रमित भएर बसिरहेको बेला देखिन वा थाहा पाउन सकिन्छ। तसर्थ, यस्ता संकेतहरू देखिए तुरुन्त स्वास्थ्य केन्द्र वा अस्पतालमा जानुपर्दछ। अस्पतालमा जाँच गर्दा थप संकेतहरू देखिने गर्दछ। परीक्षणबाट कलेजो आकार बढेको वा सुन्निएको तथा छाती वा पेटमा पानी भए/नभएको थाहा हुन्छ। रगतको जाँच गर्दा प्लेटेलेट्स तीव्र गतिमा घट्नु र हेमाटोकृत बढेको देखिन्छ। डेंगुको संक्रमण भएको बिरामीलाई कमजोरी अनुभव हुन्छ। डेंगु लागेपछि रगतमा प्लेटलेट्सको संख्या तीव्ररूपमा घट्न थाल्छ। यस्तो अवस्थामा औषधिका साथसाथै खानपान र सही दिनचर्या आवश्यक हुन्छ।

सन् २०२२ सालमा काठमाडौंमा देखिएको डेंगु प्रकोपले सबैभन्दा धेरै मानिसको ज्यान लिएको थियो। यो प्रकोपलाई कोभिड-१९ को घातक लहरहरूभन्दा खासै फरक महसुस नगरे वा तुलना गरिएको थियो। काठमाडौंका लागि सन् २०१९ पछिको दोस्रो ठूलो प्रकोप (धेरैलाई अस्पताल आउनुपर्ने बाध्यता गराएको कारण) थियो। अनि नेपालको इतिहासमा नै 'घातक डेंगु' वर्षका रूपमा मैले सन् २०२२ लाई लिएको थिएँ। यसमा विशेषतः ज्येष्ठ नागरिक अनि दीर्घरोगीहरू जस्तैः उच्चरक्त चाप, मधुमेह र श्वास-प्रश्वासको संक्रमण भएका व्यक्तिहरू बढी डेंगुको जटिलताबाट मृत्यु भएका थिए। मनसुनको समयमा डेंगु सँगसँगै देखिने अरू संक्रामक रोगहरूले डेंगु लक्षणलाई थप जटिल बनाउन सहयोगी भूमिका खेल्ने विभिन्न अध्ययनहरूको नतिजाले देखाएको छ।

नेपालमा डेंगु सँगसँगै चिकुनगुनिया भाइरस, स्क्रब टाइफस, फ्लूजस्ता थप संक्रमणहरू फैलने गर्दछ। यसर्थ, ज्येष्ठ नागरिक, सहसंक्रमित वा उच्च रक्तचाप, मधुमेह र श्वासप्रश्वास (दीर्घ वा हालै संक्रमित भएको अवस्था) समस्या भएका व्यक्तिहरूले 'जटिल डेंगु' का पूर्वसंकेतलाई कुनै वा देखिनु नै पर्छ भन्ने छैन । यस्तो अवस्थामा चिकित्सकको निरन्तर सम्पर्कमा रही आफ्नो स्वास्थ्य अवस्थाका बारेमा जानकारी लिनु अति बुद्धिमानी हुने छ। डेंगुबाट बच्नु भनेको यस्ता लामखुट्टेको टोकाइबाट बच्नु नै हो। किनभने यसको टोकाइ एवं संक्रमण निकै घातक हुन सक्छ।

दसैं अगाडि डेंगुले गति लिँदै गइरहेको अवस्था थियो। दसैंलगत्तै अस्पतालमा जाँदा डेंगु पुष्टि भएका बिरामीहरूको संख्या अझ बढ्दै गइरहेको पाइएको छ। यसबाट दिनमा नै दर्जनौं डेंगु भाइरस पुष्टि हुने क्रमले निरन्तरता पाइरहेको अवस्था देखिन्छ। हुन त काठमाडौं मात्र नभई देशका विभिन्न ठाउँहरूमा डेंगुले व्यापक प्रभाव पारेको जानकारीहरू आउने क्रम जारी छ। डेंगुको यो रफ्तारमा सम्भवतः तत्काल रोकिने सम्भावना अत्यन्त न्यून देखिन्छ।

चाखलाग्दो कुरा के छ भने अधिकांश डेंगु संक्रमितहरू लक्षण लिएर घरघरमा बसिरहेको वा कार्यक्षेत्रमा निरन्तर खटिरहेका देखिन्छन्। अझ भनौं धेरै मानिस 'वाकिङ डेंगु'को अवस्थामा रहेको देखिन्छ। 'वाकिङ डेंगु' भन्नाले डेंगु संक्रमित भई निरन्तर आफ्नो दैनिकीलाई निरन्तरता दिइरहेको अवस्थालाई भन्न खोजेको हो। चाडपर्वमा मान्छेहरू यसको लक्षणलाई नजरअन्दाज गर्दै आउजाउ, भेटघाट गरिरहेका छन्। किनभने डेंगुको सामान्य लक्षण आम समस्यासँग मिल्दोजुल्दो हुन्छ। यस्तो अवस्थामा मान्छेहरू सामान्य समस्या ठानेर आफूखुसी औषधिसमेत खाँदै हिँड्डुल गरिरहेका हुन्छन्। जब समस्या जटिल बन्दैन, तबसम्म उनीहरू अस्पताल पुग्दैनन्।

अधिकांशलाई डेंगुको लक्षण देखिएको ८-१० दिनमा स्वास्थ्यमा सुधारोन्मुख देखिन्छ भने केहीमा डेंगुले जटिल अवस्था सिर्जना गर्न सक्दछ। तसर्थ 'जटिल डेंगु' का पूर्वसंकेतहरू संक्रमितले थाहा पाउन अति आवश्यक देखिन्छ र सो देखिए तुरुन्त चिकित्सकसँग सम्पर्क गर्न सक्छन्। हाल डेंगु संक्रमणको लहर रोक्न विभिन्न कारणले गर्दा चुनौती रहेको भएता पनि 'जटिल डेंगु'का पूर्वसंकेतलाई ध्यान दिनसक्ने हो भने डेंगुबाट हुनसक्ने मृत्युदरलाई उल्लेखनीय संख्यामा कम गर्न सकिन्छ। हालसम्म रेडियो, टेलिभिजन, पत्रपत्रिका तथा सामाजिक सञ्जालहरूमा डेंगु के हो, कसरी सर्छ र यसका लक्षणहरूका बारेमा जानकारीहरू दिने गरेको देखिएता पनि अबको प्रचारप्रसार तथा जानकारीहरू 'जटिल डेंगु'का पूर्वसंकेतका बारेमा केन्द्रित हुनुपर्ने देखिन्छ। यसबाट डेंगुबाट हुने मृत्युदरलाई उल्लेखनीय रूपमा कम गर्न सकिने छ। यो नै अहिलेको प्रमुख आवश्यकता र सघन माग पनि हो। *रासस*

*(लेखक शुक्रराज ट्रपिकल तथा सरुवा रोग अस्पतालको क्लिनिकल रिसर्च युनिटका संयोजक हुन्)*

## पत्र-मञ्जुषा

# खल्लो बन्यो अधिकांशको दसैं

यसपालिको दसैं धेरैका लागि खल्लो भयो । घरजग्गा, गाडी र सेयरमा लगानी गरेकाहरू चुर्लुम्मै डुबेपछि दसैंसमेत मान्न सकेनन् । बाढीपहिरोले घर नै बगाएपछि धेरैले दसैं मनाउन पाएनन्। त्यस्तै, सहकारी, लघुवित्त, फाइनान्समा निक्षेप जम्मा गरेका बचतकर्ताहरूको पनि दसैं खल्लो भयो । उनीहरूले दसैं मनाउन सकेनन् । उल्टै रुवाबासी भयो । गरेको लगानी डुबेपछि कसरी दसैं मनाउनु ?

सरकारले करका निम्ति घरजग्गा खरिदबिक्री तथा जग्गा प्लटिङ गर्न दियो । करकै लागि सेयर किनबेच गर्न दियो। र, करकै लागि गाडी आयात र बेचबिखन गर्न दियो । सरकार कर उठाउनमात्र लागिपर्दा अहिले सर्वसाधारणको लगानी बालुवामा पानी भएको छ । करोडौं सर्वसाधारणको रुवाबासी चलेको छ।

बैंकले १०० रूपैयाँ कित्तामा निष्कासन गरेको सेयर मिलेमतोमा ३१०० पुऱ्याइयो। त्यति महँगोमा किनेको सेयर अहिले १०० रूपैयाँमासमेत बिक्री नहुने अवस्था आएको छ। सेयरमा एक-दुई जनाको मात्र लगानी छैन । लाखौं लाख सर्वसाधारणको लगानी छ । अझ सरकारी तथ्यांकअनुसार सेयरमा ६५ लाख सर्वसाधारणको लगानी छ।

कसैले पाँच हजार लगानी गरेका छन् त कसैले अर्ब । तर, यी लगानीकर्ता पानीसमेत पिउन नपाई डुबे। सेयरमा गरेको लगानी डुब्दा कतिपय लगानीकर्ता त डिप्रेसनमै गएका छन् । उनीहरूको होस् हवास् नै उडेको छ । जग्गा दलालीहरूले रोपनीको १० हजार रूपैयाँ नपर्ने खेतीयोग्य जमिन टुक्राटुक्रा बनाएर आनाकै ६०-७० लाख रूपैयाँमा बेचिदिए ।

आज त्यो जग्गा किन्नेहरू नराम्ररी डुबेका छन् । बैंकबाट ऋण लिएर महँगोमा जग्गा किनेकाहरूलाई अहिले त्यो निल्नु कि ओकाल्नु भएको छ। उता, भारतमा एक लाखमा पाइने सवारीसाधन यहाँका अटो शोरुमहरूले नेपाल आयात गरी एउटै गाडी पाँच लाखदेखि करोडौंमा बेचिदिए । सहकारी, लघुवित्त तथा फाइनान्सहरूले पनि करोडौं बचतकर्ताको खर्बौं रकम पचाइदिएको छ।

यतिमात्र नभई पछिल्लो समय बैंकमासमेत बचतकर्ताको रकम खाताबाटै गायब भएका थुप्रै घटना छन्। जसका कारण बैंकप्रति पनि अविश्वास बढ्दो छ। घरजग्गा, गाडी र सेयर विलासिताका वस्तु हुन् भनेर प्रमाणित नै भइसकेको छ। यसैले, यी क्षेत्रमा लगानी गर्नु मूर्खता हो। अहिले सुनिन्छ, चार वर्षअघि चार करोड भनिएको घर अहिले त्यसको आधा मूल्यमासमेत किन्ने मान्छे भेटिँदैन।

घरजग्गा, गाडी र सेयरमा लगानी गर्ने बैंक तथा वित्तीय संस्था र व्यक्ति दुवै डुबिसकेका छन्। किनकि यसको कृत्रिम रूपमा मूल्य बढाइएको थियो । दलालीहरूले घरजग्गा, गाडी र सेयरको मूल्य बढाएका थिए। अनि कृत्रिम रूपमा बढाइएको मूल्य कसरी धेरै समय टिक्न सक्छ ? एक न एक दिन त यो पहिलाकै मूल्यमा आउनु नै थियो ।

सहकारी, लघुवित्त र फाइनान्सको पनि लगानी घरजग्गा, गाडी र सेयरमै थियो। यद्यपि, आज यी संघसंस्थाका सञ्चालक, अध्यक्ष र कर्मचारीहरू भाग्नुपरेको छ । समाजमा मुख देखाएर हिँड्न सक्दैनन्, यिनीहरू। केही वर्षअघिसम्म सहकारीको सञ्चालक हुँ भनेर गर्वका साथ भन्नेहरू अहिले एउटा कुनामा गएर लुक्नुपरेको छ ।

कोट, सर्ट अनि पेन्ट लगाएर चिल्लो गाडी चढ्ने सहकारी सञ्चालकहरू अहिले मुखमा मास्क लगाएर कसैले चिन्ला कि भनेर लुकिछिपी हिँड्नुपरेको छ । सहकारी डुब्नुको मुख्य कारण घरजग्गा, गाडी र सेयर नै हो। घूस र बढी नाफा कमाउने लोभमा आँखा चिम्लेर सहकारीहरूले घरजग्गा, गाडी र सेयरमा जथाभावी कर्जा प्रवाह गर्दा डुबेका हुन् ।

अब बैंकको पालो आएको छ । कहिले सासुको पालो त कहिले बुहारीको पालो भनेझैं सहकारीपछि डुब्ने पालो बैंकको आएको छ । किनकि बैंकको पनि सम्पूर्ण कर्जा लगानी घरजग्गा, गाडी र सेयरमै छ। अहिले एउटा सीधा मान्छेले पनि बैंक डुबेको थाहा पाउँछ। यसैले यो पटक दसैंमा व्यापार गरेर कमाएको धेरथोर रकम पनि व्यापारीहरूले बैंकमा राखेनन् ।

केही वर्षयता बजारमा व्यापक मन्दी छ । अब झन् यसले विकराल रूप लिने बताइन्छ। बजार सुनसान छ। दसैंमा व्यापार हुने आशा गरेका व्यापारीहरू पनि निराश हुनुपरेको छ। उनीहरू अब व्यापार व्यवसायबाटै पलायन हुने सोचविचारमा छन् । यतिमात्र नभई दसैंअघि नै मालपोत, यातायात कार्यालयहरू सुनसान थियो ।

दसैं सकिएपछि पनि घरजग्गा, गाडी र सेयर कारोबारमा बढोत्तरी नआउने बताइन्छ। मानिसहरूले नाफा हुने आशामा यो क्षेत्रमा लगानी गरेका थिए। कतिपय भने व्यापार व्यवसायतिर आकर्षित भए अनि बैंक तथा साथीभाइ, आफन्तबाट ऋण लिएर लगानी गरे। तर, कसलाई के थाहा थियो र यसरी डुबिन्छ भनेर।

घरजग्गा, गाडी, सेयर र व्यापार व्यवसायमा मानिसहरूको लगानी मात्र डुबेको छैन। लगानी डुब्दा पारिवारिक सम्बन्धमा दरार आएको छ । आफन्तहरू टाढिएका छन् । साथीभाइसँग बोलचाल बन्द भएको छ। हुन त पैसा सबथोक हो भनिन्छ। सायद हो सत्य हो। किनकि पैसाकै कारण मानिसको जीवनमा नकारात्मक र सकारात्मक दुवै प्रभाव पर्छ।

पैसा हुनुञ्जेल आफन्त पनि नजिकिन्छन् अनि पैसा नभएपछि आमाबुबा पनि टाढिन्छन्। त्यस्तै, अहिले घरजग्गा, गाडी, सेयर खरिद तथा व्यापार व्यवसाय सञ्चालनमा लागि आफन्त, साथीभाइसँग ऋण लिएकाहरू तनावमा छन्। वर्षौंदेखिको सम्बन्ध पनि अहिले ऋण तिर्न नसकेपछि टुट्न लागेको छ।

प्रधानमन्त्री केपी शर्मा ओली भन्छन्, 'मुलुकको अर्थतन्त्र ठीकठाक छ।' तर, बजारमा के भइरहेको छ भनेर उनलाई केही पनि थाहा छैन । उनी जनतालाई अल्मलाउने मात्र काम गरिरहेका छन्। नेपालको वैदेशिक ऋण २७ खर्ब पुगिसक्यो । यो ऋण कसरी तिर्ने भनेर प्रधानमन्त्रीसँग केही जवाफ छ त ? यता, राजस्व उठ्न छोडिसक्यो भने खर्च भने बढ्दो छ ।

सरकारमा बसेकाहरूलाई राजस्व कसरी उठाउने भनेर कुनै चासो छैन। चासो छ त सत्ता जोगाउने मात्र ।

– **रूषा थापा**, *भक्तपुर*

### जानकारी

अब यस दैनिकले हरेक दिन पत्र-मञ्जुषा स्तम्भ सुरु गरेकाले पाठक वर्गहरूले आफूले चाहेको विषय वस्तु, सरकारी निकायको काम कारबाही वा पत्रिकामा सम्प्रेषण भएको समाचारका बारेमा पत्र लेख्नु भएमा त्यसलाई जस्ताको त्यस्तै प्रकाशन हुने जानकारी गराइन्छ । सं.

prabhabdailynews@gmail.com
facebook.com/prabhab online



**सखिया नृत्य** | बडादसैंका अवसरमा बर्दियाको बार बर्दिया नगरपालिका–१० दफैया गाउँमा सखिया नृत्य प्रस्तुत गर्दै थारु समुदायका युवा। *तस्बिरः मेनका चौधरी/रासस*

# शुक्लाफाँटाको समस्या समाधान गर्न आयोगले थाल्यो काम

**कञ्चनपुर (प्रस)-** शुक्लाफाँटा राष्ट्रिय निकुञ्ज विस्तारका क्रममा विस्थापित परिवारका समस्या समाधानका लागि गठित आयोगले काम थालेको छ । आयोगका नवनियुक्त अध्यक्ष पूर्वन्यायाधीश जयानन्द पनेरुले विस्थापित परिवार बस्दै आएको ढक्का शिविर पुगी प्रारम्भिक जानकारी लिएका छन् ।

निकुञ्जबाट विस्थापित संघर्ष समितिका पदाधिकारीहरूसँग आयोगका अध्यक्ष पनेरुले छलफल गरी समस्या समाधानका लागि आवश्यक राय लिए । विभिन्न समयमा गठन भएका आयोगका प्रतिवेदन अध्ययन गरी तीन महिनाभित्र नेपाल सरकारलाई प्रतिवेदन बुझाइने अध्यक्ष पनेरुले जानकारी दिए ।

विस्थापित परिवार, जनप्रतिनिधि, आयोगका पूर्वपदाधिकारीका रायसुझाव र स्थलगत अवलोकनका क्रममा देखिएका विषय प्रतिवेदनमा समावेश गरिने उनको भनाइ छ । उनले भने, 'वास्तविक निकुञ्ज विस्थापित परिवारको पहिचान गरी पुनःस्थापना र मुआब्जाका लागि सिफारिससहित प्रतिवेदन बुझाउँछौं ।'

निकुञ्जपीडित संघर्ष समितिका सचिव गोविन्द नेपालीले वास्तविक र प्रतिवेदनमा छुटेका परिवारलाई प्रमाणित गरी पुनःस्थापना गर्नुपर्ने सुझाव दिए । विगतमा आयोगले पुनःस्थापनाका लागि छनोट गरेका हैसियत बिग्रेका वनको जग्गामा पुनःस्थापना गराउनुपर्ने उनको माग छ ।

तत्कालीन शुक्लाफाँटा वन्यजन्तु आरक्षका वार्डेन सूर्यबहादुर पाण्डेले वि.सं. २०५८ मा जग्गा वितरण गर्न बाँकी परिवारलाई बस्दै आएको क्षेत्रको जग्गा नापजाँच गरी पुनःस्थापना गर्नुपर्ने, पुनःस्थापनाका लागि भएका आन्दोलनमा विस्थापित परिवारले कब्जा गरेको जग्गा पीडित परिवारलाई वितरण गर्नुपर्ने र बाँकी वास्तविक विस्थापितलाई उचित मुआब्जा दिनुपर्ने उनको भनाइ छ ।

निकुञ्ज विस्तारका क्रममा विस्थापित ६०० भन्दा बढी परिवार कष्टपूर्णरूपमा शिविरमा बस्दै आएका छन् । निकुञ्ज विस्थापित परिवारसँगै आयोगका अध्यक्ष पनेरुले सुदूरपश्चिम प्रदेशसभा सदस्य दिवानसिंह विष्ट, बेलडाँडी गाउँपालिका अध्यक्ष हरिशचन्द्र रानालगायतसँग छुट्टाछुट्टै भेटघाट गरी समस्याबारे रायसुझाव लिएका छन् ।

# चितवनमा ३८६ जनामा 'स्क्रब टाइफस' संक्रमण

**चितवन (प्रस)-** यहाँ विभिन्न अस्पतालमा उपचारका लागि आएका बिरामीमध्ये ३८६ जनामा स्क्रब टाइफसको संक्रमण देखिएको छ । साउनयता दुई हजार १४४ जनाको परीक्षणका क्रममा सो संख्यामा संक्रमण पुष्टि भएको हो ।

संक्रमितमध्ये १९६ जना चितवनका र १९० जना जिल्लाभन्दा बाहिरका रहेका जनस्वास्थ्य कार्यालयका जनस्वास्थ्य अधिकृत विमल पट्टेलले जानकारी दिए । संक्रमितमध्ये सो अवधिमा एक जनाको मृत्यु भएको उनले बताए ।

जिल्लामा सबैभन्दा बढी भरतपुर महानगरपालिकामा संक्रमित देखिएका छन् । पट्टेलका अनुसार भरतपुर महानगरपालिकामा ९०, रत्ननगरमा ३३, राप्तीमा २०, खैरहनीमा १७, कालिका नगरपालिकामा ११ र माडी नगरपालिकामा सात तथा इच्छाकामना गाउँपालिकामा १८ जनामा संक्रमण देखिएको छ ।

स्क्रब टाइफस ओरिएन्टा सुसुगामुसी नामक जीवाणुबाट हुने संक्रामक रोग हो । साधारणतया यो जीवाणुले मानिसलाई प्रत्यक्ष असर नपारी झाडीमा पाइने किर्ना (माइट्स) लाई संक्रमण गर्छ । सोही संक्रमित किर्ना मुसालगायत अन्य जनावरका शरीरमा बस्छन् । संक्रमित किर्नाले टोकेको मुसा वा जनावर मानिसको सम्पर्कमा आएर शरीरमा टाँसिए वा टोकेमा स्क्रब टाइफस सर्ने गरेको चिकित्सकहरू बताउँछन् ।

यो रोगबाट संक्रमित मानिसमा उच्च ज्वरो आउने, आँखा रातो हुने, खोकी लाग्ने, वान्ता हुने, पेट दुख्ने, पखाला लाग्ने, सास फेर्न गाह्रो हुने, टाउको, जोर्नी तथा मांसपेशी दुख्ने, शरीरमा बिमिरा देखिने र टोकेको ठाउँमा कहिलेकाहीँ कालो दागजस्ता लक्षण देखिने जनस्वास्थ्य अधिकृत पट्टेलले बताए । यस रोगको संक्रमणबाट जोगिन झाडीमा नजाने, शरीर ढाक्नेगरी लामो कपडा लगाउने, मुसा तथा संक्रमित जनावरसँग टाढा रहनेजस्ता सावधानी अपनाउन उनले आग्रह गरे ।

# साहसिक पदयात्राका लागि थोराङ्ला पास




■ सन्तोष गौतम

**म्याग्दी-** शरद यामको सुरुआत र मनसुन निष्क्रिय हुँदै गएपछि खुल्न थालेको आकाश । अग्ला र नांगा डाँडाको पृष्ठभूमिमा जता हेरे पनि देखिने हिमशृंखला । हिमाली बुकीको चरन खर्कबाट बेसी झर्दै गरेका चौरी, याक, भेडाच्यांग्रा र घोडाका बथान ।

विविधतायुक्त भूगोल, संस्कृति, प्रकृतिको संगम र साहसिक मानिने थोराङ्ला भञ्ज्याङको पदयात्राको आकर्षण हो । थोराङ्ला भञ्ज्याङ समुद्री सतहदेखि पाँच हजार ४१६ मिटर उचाइमा छ । गण्डकी प्रदेशको लमजुङ, मनाङ, मुस्ताङ, म्याग्दी र कास्की जिल्ला समेटिएको अन्नपूर्ण चक्रीय पदमार्गको सबैभन्दा उच्च स्थानमा रहेकाले थोराङ्लालाई साहसिक गन्तव्यका रूपमा लिइन्छ ।

शरद यामको सुरुवातसँगै मनाङदेखि थोराङ्ला भञ्ज्याङ पार गरेर मुस्ताङतर्फ जाने आन्तरिक तथा बाह्य पर्यटकहरूको चहलपहल बढेको उपल्लो मनाङका होटल व्यवसायीसमेत रहेका जिल्ला समन्वय समिति मनाङका सदस्य घ्याचो गुरुङले बताए ।

'थोराङ्ला र तिलिचो ताल घुम्न आउने मुख्य याम शरद र वसन्त नै हो,' उनले भने, 'पहिले पथप्रदर्शक र भरियाबाहेक अधिकांश विदेशी पर्यटकमात्र आउने थोराङ्ला पदयात्रा पछिल्लो समय नेपालीहरूको पनि रोजाइमा परेको छ ।' 'ला' भनेको तिब्बती भाषामा 'पास' हो । शाब्दिकरूपमा यात्राको उच्च बिन्दु हो ।

दसैं तिहारको बिदामा थोराङ्ला र तिलिचो घुम्नका लागि देशका विभिन्न ठाउँबाट कर्मचारी, व्यापारी, विद्यार्थीहरूको टोली आउने क्रम बढेको गुरुङले बताए । सडक यातायात, आवास तथा होटलको व्यवस्था, पदमार्गको स्तरोन्नति, सञ्चार सुविधा विस्तार, डिजिटल मार्केटिङ र भ्रमणसम्बन्धी अन्तर्राष्ट्रिय सञ्चारमाध्यमहरूले घुम्नैपर्ने गन्तव्यमा सूचीकृत गरेका कारण अन्नपूर्ण चक्रीय पदमार्गमा पर्यटकको आकर्षण बढेको हो ।

मनाङदेखि थोराङ्ला हुँदै मुस्ताङ भ्रमण गरेर फर्किएकी काठमाडौंकी जुली श्रेष्ठले मनमोहक हिमशृंखला, विविधतायुक्त भूगोल, संस्कृति, रहनहसन, धार्मिक तथा वस्तुकला अवलोकन गर्न पाउँदा रमाइलो महसुस भएको अनुभव सुनाइन् । यात्रामा अन्नपूर्ण प्रथम द्वितीय र चौथो धौलागिरिको साथै माछापुछ्रे, मनास्लु गंगपूर्ण तिलिचो चुचुरो अन्य हिमाल देख्न सकिन्छ ।

'तिलिचो यात्रा हुँदै थोराङ्ला पास गरेर मुक्तिनाथ झर्नु साहसिक यात्रा हो,' श्रेष्ठले भनिन्, 'अन्नपूर्ण सर्किटमा थोरङला सबैभन्दा उच्च स्थान भएकाले जोखिमपूर्ण पनि छ ।' चामेदेखि पाँच दिनको यात्रा गरेर थोराङ्ला हुँदै मुस्ताङको मुक्तिनाथ झर्न सकिन्छ । लामो अवधिको पदयात्रा गर्न चाहनेले लमजुङको बेसीसहरदेखि नै यात्रा सुरु गर्न सक्छन् ।

धेरैजसो पदयात्रीहरू गाडीबाट चामे पुगेर त्यहाँदेखि हिँड्ने गर्छन् । चामेबाट अपर पिसाङ र मनाङमा बास बस्ने गर्छन् । यहाँ बास बसेर पदयात्रीहरूले शरीरलाई त्यहाँको वातावरणसँग अनुकूलता मिलाउन सकिन्छ । माथिल्लो मनाङदेखि करिब चार घण्टाको पैदलयात्रा गरेर चार हजार ३६ मिटर उचाइको याकखर्क पुगिन्छ । छिनछिनमा बादल र घाम लाग्ने याकखर्कमा चौरीगाईको खर्क छन् । यहाँ इन्टरनेट सुविधा भएका होटल र लज पनि छन् ।

याकखर्कदेखि ७.३ किलोमिटर यात्रा गरेपछि समुद्री सतहदेखि चार हजार ४५० मिटर उचाइमा रहेको थोराङ्ला फेदीमा पुगिन्छ । थोराङ्ला फेदीदेखि चारदेखि पाँच घण्टा यात्रा गरेपछि चार हजार ८०६ मिटर उचाइको थोराङ्ला हाइक्यापमा पुगिन्छ ।

होटलहरूको सुविधा भएको हाइक्यापमा बास बसेका पर्यटकहरू बिहान उज्यालो नहुँदै थोराङ्लातर्फको यात्रामा निस्कन्छन् । दिउँसो हावाहुरी चल्ने र मौसम खराब हुने भएकाले बिहानै थोराङ्ला पुग्नका लागि राति नै यात्रा गर्नुपर्ने पथप्रदर्शक सन्देश अधिकारीले बताए ।

हाइक्याम्पदेखि थोराङ्ला हुँदै करिब १३ घण्टाको यात्रा गरेपछि तीन हजार ७६२ मिटर उचाइमा अवस्थित मुस्ताङको वारागुङ मुक्तिक्षेत्र गाउँपालिका-१ मा रहेको हिन्दू तथा बौद्ध धर्मावलम्बीहरूको साझा तीर्थस्थल मुक्तिनाथमा पुगिन्छ ।

सन् १९७० मा पदयात्राका लागि खुला गरिएको थोराङ्लामा पछिल्लो समय विदेशीसँगै नेपाली पर्यटकहरू पनि आकर्षित भएका अन्नपूर्ण संरक्षण क्षेत्र आयोजना (एक्याप)को जोमसोमस्थित कार्यालयका प्रमुख प्रमोदराज रेग्मीले बताए ।

उनका अनुसार आर्थिक वर्ष २०८०/८१ मा १३ हजार ९१० जना विदेशी पर्यटकले थोराङ्ला पास गरेर मनाङ हुँदै मुस्ताङ आएका थिए । उक्त आर्थिक वर्षको साउनदेखि असोजसम्म दुई हजार २४२ जनाले थोराङ्ला पार गरेका थिए । चालु आर्थिक वर्षको असोज तेस्रो हप्तासम्म थोराङ्ला पार गरेर मुस्ताङ आउने पर्यटकको संख्या एक हजार ७८१ जना रहेको एक्याप जोमसोमका प्रमुख रेग्मीले बताए ।

अन्य ठाउँमा सडकका कारण पदमार्गहरू विस्थापित भए पनि थोराङ्लामा सडक पुग्ने सम्भावना नरहेकाले यसको दीर्घकालीन पर्यटकीय सम्भावना रहेको वारागुङ मुक्तिक्षेत्र गाउँपालिकाका अध्यक्ष रिनजिननामग्याल गुरुङको भनाइ छ । गाउँपालिका र अन्नपूर्ण संरक्षण क्षेत्र आयोजनाले थोराङ्लादेखि मुक्तिनाथ झर्ने मुस्ताङतर्फको पदमार्ग स्तरोन्नति गरिरहेको उनले बताए । *रासस*


## युएइमा रोजगार

**कम्पनी :** AL BASSAM TANKS TRADING LLC-SOLE PROPRIETORSHIP DUBAI BREANCH
**शहर :** Dubai

पूर्व स्वीकृति मिति : २०८१/०६/२९ | LT. No. 312144 | चलानी नं.६०२२६५७२

| सि. नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव AED | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक बिदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Messengers | 10 | 0 | 1200 | ४३,९३४ | श्र.नि. अनुसार | ८ घण्टा | ६ दिन | श्र.नि. अनुसार | छ | छ | २ वर्ष |
| 2 | stevedores | 4 | 0 | 1200 | ४३,९३४ | | | | | | | |
| 3 | Stock Handlers | 10 | 0 | 1200 | ४३,९३४ | | | | | | | |

**अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक ७ गते (23th Oct. 2024) मा हुनेछ**

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैंले | हुने/रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु.७००/- कामदार आफैंले | रोजगारदाता कम्पनीले |

**कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः** रु. १,५००/- कामदार आफैंले  **सेवा शुल्कः** निःशुल्क

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनीमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावाना हुन्छ । ७) यस विज्ञापन सम्वन्धमा थप केही बुझ्न परेमा वैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

श्रम इजाजत नं. ४४९/०६०/६१

QUALITY INTERNATIONAL OVERSEAS CONSULTANCY CO.(P) LTD.
Sinamangal-9, Kathmandu, Nepal, Contact: +977-1-5906456, 982-2959770, 9825849205,
Email : qualityintloverseas@gmail.com, Web: www.qualityintloverseas.com



## धनपालथान गाउँपालिका
## गाउँकार्यपालिकाको कार्यालय
**सोराभाग, मोरङ**
**कोशी प्रदेश नेपाल**

## विद्युतीय बोलपत्र आह्वानको सूचना !

(प्रथम पटक प्रकाशित मिति : २०८१/०६।३० गते)

यस धनपालथान गाउँपालिकाको आ.व.२०८१/८२ को स्वीकृत वार्षिक योजना तथा कार्यक्रम अन्तर्गत तपसीलमा उल्लेखित योजनाहरू ठेक्का प्रक्रियाबाट सञ्चालन गर्नु पर्ने भएको हुँदा इच्छुक निर्माण व्यवसायीबाट रीतपूर्वकको E–Bidding (विद्युतीय बोलपत्र) आह्वान गरिएको छ ।

**तपसिल :**

| क्र.सं. | ठेक्का नम्बर | ठेक्का विवरण | ल.ई.रकम (पि.एस.सहित र मू.अ.कर बाहेक) | धरौटी रकम | दरभाउपत्र पेश गर्ने प्रक्रिया | दरभाउ पत्र दस्तुर |
|---|---|---|---|---|---|---|
| १. | DPTRM/SBG/ NCB/WORKS- 4/ 2081/082 | ठनठनिया हनुमान मन्दिरदेखि भवानीपुर हुँदै पइटा पिपल चौकसम्म सडक स्तरउनती तथा कालो पत्रे धनपालथान-२ (तेस्रो खण्ड) | रु. ८७,५२,८९७।९८ | रु. २,५०,०००।०० | E–Bidding | ३०००।०० |
| २. | DPTRM/SBG/ NCB/WORKS- 5/ 2081/082 | धनपालथान-४ बेनी आ.बि.देखि गादिया खोला साविक कदमाहा-३ हुँदै धनपालथान-६ पिण्डेश्वर आ.बि.सम्म को सडक कालो पत्रे | रु. १,५०,०४,७६८।३८ | रु. ४,००,०००।०० | E–Bidding | ३०००।०० |
| ३. | DPTRM/SBG/ NCB/WORKS- 6/ 2081/082 | हरेराम मण्डलको घरदेखि पूर्व वडा कार्यालय हुँदै धनपालथान गाउँपालिका जाने बाटोसम्म कालो पत्रे र चौराई मण्डलको घरदेखि आनन्द मन्दिर हुँदै बरियति पशुपति मण्डलको घरसम्मको बाटो कालो पत्रे | रु. ८२,५३,५५९।६३ | रु. १,९०,०००।०० | E–Bidding | ३०००।०० |
| ४. | DPTRM/SBG/ NCB/WORKS- 7/ 2081/082 | डकुवा डङ्गा बाटो कालो पत्रे निर्माण गर्ने र सोराभाग टोल सतरु मण्डलको घरदेखि पूर्व भलुवा खोला पूल हुँदै बेतौना सडक कालो पत्रे धनपलथान-३ | रु. ५०,९२,८३७।७३ | रु. १,५०,०००।०० | E–Bidding | ३०००।०० |
| ५. | DPTRM/SBG/ NCB/WORKS- 8/ 2081/082 | भंगापूल उत्तर रंगपुर हुँदै फुटानी चौक जोड्ने सडक कालो पत्रे (छैटौं खण्ड) र कर्सिया पानी टंकीदेखि उत्तर कालिका स्कुल हुँदै फुटानीचौक जोड्ने सडक कालो पत्रे (आठौं खण्ड) | रु. ५४,५६,६३०।०६ | रु. १,५०,०००।०० | E–Bidding | ३०००।०० |
| ६. | DPTRM/SBG/ NCB/WORKS- 09/ 2081/082 | राजागढदेखि बरियाती जाने सडक कालो पत्रे गर्ने र शारदा स्कुल दक्षिण हरकपुर हुँदै लखन्तरी आनन्द चौकसम्मको सडक कालो पत्रे गर्ने | रु. ४२,०७,४०४।९९ | रु. १,२०,०००।०० | E–Bidding | ३०००।०० |
| ७. | DPTRM/SBG/ NCB/WORKS- 10/ 2081/082 | कदमाहा नोचा सडकको नोचा खण्ड अधुरो सडक कालो पत्रे र राम प्रसाद मण्डलको घरदेखि दक्षिण दुर्गापुर हुँदै गडेरीया सिमानासम्म सडक र अजय (घुटुरको घरदेखि रामानन्द चौधरीको घर हुँदै जहदा गापा जोड्ने बाटोमा कालो पत्रे | रु. ६९,०२,१२६।०८ | रु. १,९०,०००।०० | E–Bidding | ३०००।०० |
| ८. | DPTRM/SBG/ NCB/WORKS- 11/ 2081/082 | साजिर मियाको घरदेखि मुस्ताक मियाको घरसम्मको बाटोमा कालो पत्रे र सफाल घरदेखि पछिम जाने बाटोमा कालो पत्रे | रु. २२,८४,९५७।३८ | रु. ६२,०००।०० | E–Bidding | ३०००।०० |
| ९. | DPTRM/SBG/ NCB/WORKS- 12/2081/082 | महेश्वर राय घरदेखि हनुमान मन्दिरसम्मको सडक कालो पत्रे धनपालथान-६ र रविलाल मण्डल घरदेखि दक्षिण जाने सडक कालो पत्रे | रु. ८९,२०, ४१४।६८ | रु. २,२०,०००।०० | E–Bidding | ३०००।०० |

**प्रमुख प्रशासकीय अधिकृत**

# प्रभाव दैनिक

बुधबार ३०, असोज २०८१ (Wednesday, October 16, 2024)


रूपशाला

## रोमान्सले भरिपूर्ण 'ओ हेलो'

अभिनेत्री तथा मोडल प्रकृति श्रेष्ठ र मोडल सायद श्रेष्ठबीचको अनस्क्रिन प्रेम र रोमान्सले भरिपूर्ण 'ओ हेलो' बोलको म्युजिक भिडियो सार्वजनिक भएको छ । अस्ट्रेलियाको मेलबर्नमा छायांकन गरिएको यस भिडियोलाई सायद श्रेष्ठले कोरियोग्राफी गरेका हुन् । भिडियो सञ्जय सेञ्चुरीको छायांकन, सम्पादन र निर्देशनमा तयार पारिएको हो । 'बाबा फिल्मस प्रोडक्सन' नामक युट्युव च्यानलमार्फत म्युजिक भिडियो सार्वजनिक गरिएको हो ।



# भुइँबाट उठेका गायक दुर्गेश

■ रामबहादुर थापा



**गण्डकी–** आफ्ना सिर्जनाका कारण चर्चा र विवादमा तानिइरहने गायक तथा मोडल दुर्गेश थापा अहिले आत्मसमीक्षा गर्ने ठाउँमा आइपुगेका छन् । गत तीजको छेकोमा उनीद्वारा अभिनीत गीत 'झुम्का हरायो...' को म्युजिक भिडियो सार्वजनिक समारोहमा गायक थापाले दिएको अभिव्यक्ति त्यसकै सार थियो । त्यो बेला थापाले भनेका थिए, 'अबदेखि उटपट्याङ खालको सिर्जना गर्दिनँ, सबैलाई पाच्य हुने खालको गीतमात्र गाउँछु ।'

उनले उक्त अभिव्यक्तिलाई तीजका अवसरमा अस्ट्रेलियामा भएको सांगीतिक कार्यक्रममा प्रस्तुति दिने क्रममा पनि दोहोऱ्याभएका थिए । भिन्न गायन शैलीका कारण आफू चर्चित हुँदाहुँदै पनि कतिपय गीत विवादमा परिरहेको पृष्ठभूमिमा उनले गरेको आत्मसमीक्षाले उनको कलाकारितालाई के नयाँ मोड दिनसक्छ ? 'उमेर, अनुभव, संगत आदिले आफू नयाँ चरणमा आइपुगेको अनुभूति भएको छ,' ३७ वर्षीय थापाले भने, 'सुरुआत र संघर्षकालमाभन्दा अझ परिमार्जित र परिपक्व ढंगले दर्शक/स्रोतामाझ आउन खोजिरहेको छु ।'

१८ वर्षको सिर्जनकर्ममा मिठानमिठा क्षणहरू गुजारेका उनी संघर्षको भट्टीबाट खारिएर आएका प्रतिभा हुन् । युवा र किशोरपुस्तामाझ बढी लोकप्रिय थापाले डान्सबारदेखि चलचित्रसम्मको अनुभव बटुलेका छन् । २०६३ तिर गृहथलो बागलुङको गलकोट नगरपालिका-७ मल्मदेखि काठमाडौं पुग्दा उनीसँग केवल एउटा सपना थियो, मोडल बन्ने । समयक्रममा उनी अभिनयहुँदै गायनतिर डोरिए ।

गायक तथा सर्जक वसन्त थापाको साथ लागेर पहिलोपटक राजधानी छिरेका उनको अपरिचित सहरमा संघर्ष सुरु भयो । 'अग्रज कलाकार, मेरो आदरणीय दाइ वसन्त थापासँग म पहिलोपटक काठमाडौं गएको हुँ, कलाकारितामा मलाई तातेताते गराउनुभएको उहाँले नै हो,' थापाले भने, 'एउटा अभिभावकसँगै कला क्षेत्रको गुरुका रूपमा म उहाँलाई आदर गर्छु ।' बुबा भारतीय सेनाबाट निवृत्त भएकाले परिवारको पनि चाहना भर्ती होस् अथवा कतै जागिर गरोस् भन्ने थियो । थापाले त्यसका लागि प्रयास नगरेका पनि होइनन् ।

विद्यालय तहको पढाइ सकेर उनी भारतीय सेनामा भर्ती हुने सोचले बनारस पुगे । त्योबेला माइलाबुबा पनि भारतीय सेनामा कार्यरत रहेकाले भर्ती हुन सजिलो हुने ठानेर उनी केही वर्ष बनारसमै बसे । केही समयपछि लाहुरेको सपना त्यागेर उनी घर फर्किए । घरमा आएपछि अरू कुरा नसोची उनी काठमाडौं हानिए । गलकोट, मल्ममै जन्मिएका गायक विष्णु खत्री, वसन्त थापालगायतबाट सानैदेखि प्रभावित उनले काठमाडौंमा भुइँदेखि संघर्ष सुरु गर्नुपऱ्यो । कहिले चलचित्रमा कोरस नाचे त कहिले डान्सबारमा । नृत्य र अभिनय प्रशिक्षणका अलावा उनी विस्तारै अनुभवले पनि खारिँदै जान थाले ।

वि.सं. २०६५ मा गायक विमल डाँडीको दसैं गीतको म्युजिक भिडियोमा थापाले पहिलो नृत्य र अभिनय गरेका थिए । 'गाउँको असली दुर्गे त्यो भिडियोमा देख्न सकिन्छ, उहिलेको त्यो दुर्गे अहिले दुर्गेश भइसक्यो,' ठट्यौली शैलीमा उनले भने । गाउँमा छँदा बालापनका साथीले दुर्गे भनेर बोलाउने गरेको उनले सम्झिए । नृत्य र अभिनयबाट अघि बढेका थापाले पछि गायनमा पनि हात हाले । पूर्णकला बिसीसँग मिलेर थापाले पहिलो लोकदोहोरी गीत 'अँधेरीमा जुन लाएको हो...' गाए ।

त्यसअघि उनले 'आफू हाँसे संसार हसाउँछु...,' 'नघाम लाउनी, न पानी पर्नी...'लगायत गीतमा शब्द र संगीत भरिसकेका थिए । त्यो बेला आफूले सिर्जना गरेका केही गीत गाउन चाहँदा पनि स्वर चल्दैन भनेर गाउन नपाएको गुनासो गरे । अभिनय र गायनलाई सँगसँगै डोऱ्याएका थापाले हालसम्म ४५ सय गीतमा स्वर दिएका छन् भने १५ सयभन्दा बढी म्युजिक भिडियोमा अभिनय गरेका छन् । उनी म्युजिक भिडियोमा अहिले पनि चल्तीको मोडल हुन् । रामचन्द्र काफ्लेको स्वरमा रहेको 'माया लाएर के भो...' गीतको म्युजिक भिडियोबाट थापा मोडलका रूपमा बढी चिनिन थालेका हुन् ।

थापाले आधुनिक, लोकदोहोरी, पपलगायत गीतका म्युजिक भिडियोमा अभिनय गरेका छन् । 'डाँडै बिसौनी...,' 'जूनले मात्र देख्छ...,' 'हाँस्न सिकायौ..'लगायत उनीद्वारा अभिनित चर्चित लोकदोहोरी गीत हुन् । पछिल्लो समय थापाले नायिका प्रियंका कार्की र गरिमा शर्मासँग मिलेर तीज गीत 'झुम्का हरायो...' मा नृत्य तथा अभिनय गरेका थिए ।

'संगीत क्षेत्रमा यति छिट्टै स्थापित हुन्छु जस्तो लागेको थिएन, तर संघर्ष गर्दै जाँदा सम्भव हुँदो रहेछ,' गायक थापाले भने, 'यसको श्रेय म मेरो अभिभावक र दर्शक/श्रोतालाई दिन चाहन्छु ।' काठमाडौं जस्तो सपनाको सहरमा उनलाई अनेक अवरोध पनि नआएका होइनन् । तर, उनले बाधाहरू सजिलै छेके, रोके र पहिल्याए आफ्नो सत्मार्ग । सुरुआतिकालमा रेस्टुराँ र बारमा नृत्यकारको रूपमा काम गरेका उनी अहिले अभिनय र संगीतमा सिद्धहस्त बनेका छन् ।

काठमाडौंको ठमेल र दरबारमार्गका डान्सबारमा नाचेका ती दिनको सम्झनाले अझ यो क्षेत्रमा राम्रो गर्न प्रेरित गर्ने उनले बताए । डान्सबारमा काम गर्दागर्दै अभिनयमा छिर्ने र चलचित्रमा काम गर्ने सोख पलाएपछि आफूले नियमित नृत्य र अभिनय प्रशिक्षण लिन थालेको थापाले सुनाए ।

'मेरो अभिनयको यात्रामा 'जूनले मात्र देख्छ...' बोलको गीतले राम्रो मोड दिएको हो, उक्त गीतबाट धेरै दर्शकको माया र सद्भाव पाउन सकेँ,' उनले भने, 'त्यसपछि ममा झन् अभिनयमै प्रतिबद्ध भएर लाग्ने सोंच आयो, मलाई आफूभित्रको म भेटाएझैं लाग्यो ।' गायनमा पनि उनको भिन्न पहिचान छ । पाँच वर्षअघि थापाले गाएको तीज गीत 'हामी पनि नाच्नुपर्छ बीचबीचमा...' त्योबेला चर्चित बनेको थियो । जुन गीतको म्युजिक भिडियोलाई हालसम्म झण्डै दुई करोड पटक हेरिएको/सुनिएको छ ।

उक्त गीतलाई सातौं संस्करणसम्म निरन्तरता दिएका थापाले यसै वर्षदेखि उक्त गीतको सिलसिलालाई अन्त्य गर्ने घोषणा गरेका थिए । थापाले पछिल्लो समय चलचित्रका गीतमा पनि स्वर तथा संगीत दिएका छन् । पहिलोपटक दीपक/दीपाको चलचित्र 'छ माया छपक्कै..'मा प्रोमोसनल गीत गाएका थापाले आगामी कात्तिकमा प्रदर्शन हुने चलचित्र 'ह्रस्वदीर्घ'मा गाएको 'उठेर नाचिस्यो..' गीत अहिले युटचुबमा चर्चित छ । सदीक्षा कट्टेलसँगको युगल गायन रहेको उक्त गीतमा शब्द र संगीत पनि थापाकै रहेको छ ।

प्रदर्शनका क्रममा रहेको 'रंगी' चलचित्रको 'छ भने माया हाइ भन...' गीतको संगीत र शब्द पनि उनले रचना गरेको हो । उक्त गीतमा गायक आनन्द कार्की र गायिका सुरक्षा केसीले स्वर दिएका छन् । गायकभन्दा बढी स्टेज परर्फमरका रूपमा आफूलाई चिनाउन चाहने थापाले गीत गायकै आधारमा प्रतिबन्धसमेत झेल्नुपऱ्यो । केही वर्षअघिको तीज गीतमा प्रयोग भएको शब्दलाई लिएर राष्ट्रिय लोक तथा दोहारी गीत प्रतिष्ठानले उनलाई कार्यक्रमहरूमा प्रतिबन्ध लगाउने निर्णय गरेको थियो ।

तिहारका बेला थापाले सार्वजनिक गरेको 'हेप्पी तिहार...' बोलको गीत पनि आलोचित भएपछि विवादित अंश सम्पादन गरेर पुनः युटचुबमा अपलोड गर्नुपरेको थियो । 'निश्चित उमेर समूहलाई लक्षित गरेर गाउँदा कतिपय गीत समाजलाई पाच्य नहुँदो रहेछ, स्रोता/दर्शकको आलोचना र सुझावले मलाई नयाँ ढंगले अघि बढ्न प्रेरणा दिएको छ,' उनले भने । चलचित्र 'द ब्रोकन हर्ट'मा अभिनय गरेका थापाले चलचित्र अभिनयको क्षेत्रलाई भने सोचेजसरी अगाडि बढाउन सकेका छैनन् ।

अभिनय सँगसँगै गायनमा लागेपछि उनले सांगीतिक यात्राका क्रममा देशदेशावर घुम्ने अवसर पाएका छन् । अस्ट्रेलियादेखि जापान र हङकङदेखि इराकसम्मका सहरमा थापाले आफ्नो सांगीतिक प्रस्तुति दिइसकेका छन् । देशभित्रका मेला/महोत्सवमा पनि उनलाई भ्याइनभ्याइ हुने गरेको छ । उनलाई युटचुबबाट पनि राम्रो कमाइ हुन्छ । 'दुर्गेश थापा' नामको युटचुबमा सस्बक्राइबरको संख्या १० लाखभन्दा बढी पुगेको छ । 'विन्ध्यवासिनी म्युजिक अवार्ड,' 'ज्योति अवार्ड'लगायत दर्जनौं अवार्ड तथा पुरस्कारबाट थापा सम्मानित भएका छन् । *रासस*

रंगशाला

## साफ च्याम्पियनसिप फुटबल प्रतियोगिताको तयारी पूरा




**काठमाडौं (प्रस)–** नेपालमा आयोजना हुने दक्षिण एसियाली फुटबल महासंघ (साफ) महिला च्याम्पियनसिप फुटबल प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको अखिल नेपाल फुटबल संघ (एन्फा)ले जनाएको छ ।

आगामी कात्तिक १ देखि १४ गतेसम्म दशरथ रंगशालामा आयोजना हुने उक्त प्रतियोगिताको सम्पूर्ण तयारी पूरा भएको एन्फा प्रवक्ता सुरेश शाहले मंगलबार यहाँ आयोजित पत्रकार सम्मेलनमा जानकारी दिए । प्रतियोगितामा आयोजक नेपालसहित भारत, माल्दिभ्स, पाकिस्तान, श्रीलंका, भुटान र बंगलादेश सहभागी छन् । उक्त प्रतियोगिताको लागि पाकिस्तान, माल्दिभ्स र बंगलादेशको टोली नेपाल आइसकेका छन् भने भारत र भुटानको टोली भोलि काठमाडौं आइपुग्ने एन्फाले जनाएको छ ।

सहभागी टोलीलाई एन्फा कम्प्लेक्सको खेल मैदान, नेपाली सेनाको भद्रकाली र लगनखेल खेल मैदान र सेन्ट जेभियर्सको खेल मैदानमा प्रशिक्षण गर्ने व्यवस्था गरिएको एन्फा प्रवक्ता शाहले जानकारी दिए ।

उक्त प्रतियोगिताको टिकेटिङ अधिकार भने माउन्ट एभरेस्ट स्पोर्ट्स एण्ड इभेन्ट्सलाई प्रदान गरिएको छ । प्रतियोगिताको समूह चरणका खेलको टिकटदर साधारण प्याराफिटतर्फ ३०० रूपैयाँ र भिआइपीतर्फ ५०० रूपैयाँ तोकिएको छ । त्यस्तै नकआउट चरणका खेलहरूको टिकटदर साधारण प्याराफिटतर्फ ५०० रूपैयाँ र भिआइपीतर्फ एक हजार रूपैयाँ कायम गरिएको छ । प्रतियोगिताको खेल हेर्न १० वर्षसम्मका सबै बालबालिकालाई निःशुल्क प्रवेश दिइने एन्फाले जनाएको छ ।

## बैतडीमा पन्ज्युनयाँ क्रिकेट लिग सुरू

**बैतडी (प्रस)-** तेस्रो संस्करणको पन्ज्युनयाँ क्रिकेट लिग मंगलबारदेखि यहाँ प्रारम्भ भएको छ । सुशितम युवा क्लब र दोगडाकेदार गाउँपालिकाद्वारा संयुक्तरूपमा आयोजित प्रतियोगिताको उद्योग, वाणिज्य तथा आपूर्तिमन्त्री दामोदर भण्डारीले उद्घाटन गरे ।

कूल १९ टोलीको सहभागिता रहेको उक्त प्रतियोगिताको उद्घाटन गर्दै मन्त्री भण्डारीले खेलकुदका साथै सामाजिक विकासका अन्य क्षेत्रमा तीनवटै तहका सरकारबीच समन्वय हुनुपर्नेमा जोड दिए । खेलकुदको माध्यमबाट पनि देशको गरिमा बढाउन मद्दत पुग्ने भएकाले ग्रामीण क्षेत्रमा हुने यस्ता प्रतियोगिताले खेलाडी उत्पादनमा बल मिल्ने मन्त्री भण्डारीले बताए ।

दोगडाकेदार गाउँपालिका अध्यक्ष चक्र कार्कीले संघीय संरचना बलियो बनाउन स्थानीय तह सबल हुनुपर्ने बताए । 'एक वडा एक खेल मैदान' निर्माणको अवधारणा पालिकाले अघि सारेको बताउँदै अध्यक्ष कार्कीले बजेट अभावमा त्यसले पूर्णता पाउन नसकेको दुखेसो गरे ।

प्रतियोगितामा प्रथम हुने टोलीले एक लाख ५५ हजार ५५५ रूपैयाँसहित शिल्ड र पदक पाउने छ भने उपविजेता टोलीले ५५ हजार ५५५ रूपैयाँसहित पदक र प्रमाणपत्र प्राप्त गर्ने छ ।

यसैगरी, सेमिफाइनलबाट बाहिरिने टोलीहरूलाई सान्त्वनास्वरूप १० हजार रूपैयाँ, सर्वोत्कृष्ट खेलाडीलाई ११ हजार १११ रूपैयाँ, उत्कृष्ट ब्याट्सम्यान र बलरलाई सात हजार ७७७ रूपैयाँ, उदीयमान खेलाडीलाई तीन हजार ३३३ रूपैयाँ र प्रत्येक खेलका उत्कृष्ट खेलाडीलाई एक हजार १११ रूपैयाँ प्रदान गरिने क्लबका अध्यक्ष वीरसिंह कार्कीले जानकारी दिए ।


**बहराइनमा रोजगार** कम्पनी : CHOPSTICKS BAHRAIN FAST FOOD WLL

पूर्व स्वीकृति मिति : २०८१/०६/१० LT. No. 311350 चलानी नं. ६०२२५८६७

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव BD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | Cashier | 1 | 0 | 150 | ५३,२३५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ असोज १९ गते (5th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

Mass Human Resource Pvt. Ltd.
(ISO Certified Ethical Recruitment Company)
SAMAKHUSI, KTM, Nepal, TEL: 4983088, 4955765, 9828776444
Govt. License 938/067/068

**कुवेतमा रोजगार** कम्पनी : THE BAKER BOYS CAFE & RESTAURANT COMPANY

पूर्व स्वीकृति मिति : २०८१/०६/१६ LT. No. 311556 चलानी नं. ६०२२६३०१

| सि.नं. | कामदारको पद | माग संख्या पुरुष | माग संख्या महिला | मासिक तलव KD | मासिक तलव ने.रू. | ओभर टाईम सुविधा | प्रतिदिन काम गर्ने घण्टा | हप्तामा काम गर्ने दिन | वार्षिक विदा | खाना सुविधा | बस्ने सुविधा | करार अवधि |
|---|---|---|---|---|---|---|---|---|---|---|---|---|
| 1 | CHEF (COOK) | 10 | 0 | 150 | ६५,७८५ | क.नि. अनुसार | ८ घण्टा | ६ दिन | क.नि. अनुसार | छ | | २ वर्ष |

अन्तरवार्ता हुने स्थानः संस्थाको कार्यालय काठमाडौंमा मितिः २०८१ कार्तिक ७ गते (23th Oct. 2024) मा हुनेछ ।

| स्वदेशमा गरिने प्रि-मेडिकल खर्च कसले गर्ने र कति गर्ने | रोजगार कम्पनिले मेडिकल खर्च दिने / नदिने | स्वदेशमा गरिने बिमा खर्च कस ले व्यहोर्ने र कति लाग्ने | रोजगारमा बिमा हुने/नहुने र कसले व्यहोर्ने | हवाई टिकट कसले दिने र कति लाग्ने | भिषा शुल्क कसले दिने र कति लाग्ने | सामाजिक सुरक्षा कोष कसले दिने र कति लाग्ने (एसएसएफ) | कल्याणकारी कोषसम्बन्धि व्यवस्थाः | सेवा शुल्क | अभिमुखिकरण शुल्क कति लाग्ने र कसले व्यहोर्ने | भिषा स्टाम्पिङ शुल्क कसले व्यहोर्ने |
|---|---|---|---|---|---|---|---|---|---|---|
| कामदार आफैं | दिने | कामदार आफैले | हुने / रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रोजगारदाता कम्पनीले | रु २३०८/- कामदारले तिर्ने | रु. १,५००/- कामदार आफैंले | निःशुल्क | रु.७००/- कामदार आफैले | रोजगारदाता कम्पनीले |

**वैदेशिक रोजगार विभागबाट गराइएको जानकारीः** १) आफ्नो नाममा भिसा प्राप्त भई जाने निश्चित भएपछि मात्र कम्पनिमै गई रकम बुझाउनु होला । बुझाएको रकमको भौचर अनिवार्य लिनुहोला । २) आफू काम गर्न जाने मुलुकमा रहेको नेपाली कुटनीतिक नियोगको सम्पर्क ठेगाना र फोन नम्बरहरु साथमा राख्नुहोला । आफू कठिनाईमा पर्दा सम्पर्क गर्न सजिलो हुन्छ । ३) यस विज्ञापन (सूचना)मा उल्लेख भएको भन्दा बढि रकम कसैलाई नदिनुहोला । ४) विदेश जानुअघि अभिमुखिकरण वा इन्डक्सन तालिम अनिवार्य लिनुपर्नेछ । ५) विदेश जानुअघि आफु जाने मुलुक, काम दिने कम्पनी, पाउने सेवा, सुविधा र अन्य शर्तबारे राम्ररी पढेर मात्र सम्झौतामा हस्ताक्षार गर्नुहोला, सोको एकप्रति आफुसंग राख्नुहोला । ६) काममा विदेश जाँदा नेपालकै एयरपोर्ट प्रयोग गर्नुहोला अन्यथा ठगिने सम्भावना हुन्छ । ७) यस विज्ञापन सम्बन्धमा थप केही बुझ्न परेमा बैदेशिक रोजगार विभाग ताहाचलमा सम्पर्क राख्नुहोला ।

ERN EXPRESS Govt. License No. 1613/079/080
EXPRESS RECRUITER NEPAL PVT. LTD
Dhumbarahi-4, Kathmandu, Nepal, Ph. No: +977-01-5916897,5917897, E-mail : expressrecruiternepal.com, expressrecruiter.nepal@gmail.com



**Joshipur Rural Municipality**

**Office of the Rural Municipal Executive**

**Joshipur, Kailali**

**Sudurpaschim Province; Nepal**

***Invitation for Bids for Supply and Delivery of Medicine***

**(Date of first publication: 2081/06/30 B.S.)**

1. *Joshipur Rural Municipality*, *Office Of the Rural Municipal Executive,Joshipur Kailali* invites sealed bids from eligible bidders for the procurements of goods as per table below under Sealed Quotation(SQ) procedures. Only eligible bidders should participate in this bidding.

| S. N. | Contract Identification Number | Description of work | Last Date of bid Submission | Bid Opening Date | Bid security (NRs) | Bid security Validity Period | Bid document price (NRs) | Remarks |
|---|---|---|---|---|---|---|---|---|
| 1. | 1/JRM/SQ/ GOODS/2081/082 | Supply and Delivery of edicine | before 12:00AM noon on 5th Nov.2024 (*2081/07/20*) | 13:00PM 5th Nov.2024 (*2081/07/20*) | 92,000.00 | 75days | 1000.00 | |

2. Eligible Bidders may obtain further information and inspect the Bidding Documents at the office Of Rural Municipal Executive ,Joshipur Rural Municipality, Joshipur Kailali or may visit PPMO website www.bolpatra.gov.np/egp.

***Chief Administrative Officer***




फिलिपिन्सको मनिलामा जारी एसिया–प्रशान्त मन्त्रीस्तरीय प्रकोप जोखिम न्यूनीकरण सम्मेलनको क्रममा वातावरण संरक्षण र जलवायु परिवर्तन नियन्त्रणका लागि आयोजित दबाबमूलक प्रदर्शनमा सहभागी अभियन्ताहरू । *तस्बिरः एएफपी*

# लेबनानमा इजरायली आक्रमण तीव्र

**बेरुत, लेबनान-** इजरायली सेनाले मंगलबार पूर्वी लेबनानमा आक्रमण सुरु गरेको लेबनानको आधिकारिक सञ्चारमाध्यमले जनाएको छ । प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले हिजबुल्लाहप्रति कुनै दया नगर्ने वाचा गरेपछि दुई समूहबीच द्वन्द्व चर्किएको हो ।

प्रधानमन्त्रीको प्रतिज्ञा इरान समर्थित लेबनानी समूहले इजरायली आधारमा गरेको ड्रोन हमलामा चार सैनिक मारिएको एक दिनपछि आएको हो । 'हामी बेरुतसहित लेबनानका सबै भागमा हिजबुल्लाहमाथि आक्रमण गर्न जारी राख्ने छौं,' हाइफाको दक्षिणमा बिन्यामिना नजिकैको आधारको भ्रमणका क्रममा नेतान्याहूले भने ।

हिजबुल्लाहले मंगलबार रब त्लातिन गाउँको बाहिरी भागमा हस्तक्षेप गर्न खोजिरहेका इजरायली सेनासँग झडप भएको जानकारी गराएको छ । इजरायलले गत महिना सीमापार भूमि सेना पठाउनुअघि लेबनानमा आफ्नो बम आक्रमण बढाएको छ । लेबनानको स्वास्थ्य मन्त्रालयको तथ्यांकअनुसार युद्धमा कम्तीमा एक हजार ३१५ जनाको मृत्यु भएको छ । लेबनानको आधिकारिक राष्ट्रिय समाचार एजेन्सी (एनएनए) ले रिपोर्ट गरेअनुसार इजरायलले मंगलबार बिहान पूर्वी बेका उपत्यकामा हवाई आक्रमणलाई तीव्र गरेको हो ।

रेड क्रसको अन्तर्राष्ट्रिय समितिका क्षेत्रीय निर्देशक, निकोलस भोन आर्क्सले सोमबार एम्बुलेन्स र अन्य स्वास्थ्य सुविधाहरू र कर्मचारीहरूको सुरक्षाका लागि आग्रह गर्दै उनीहरूमाथि भएको आक्रमणलाई 'चिन्ताजनक' विषय रहेको बताए । इजरायली आक्रमणले हिजबुल्लाहको गढ साथै लेबनानका अन्य भाग लक्षित आक्रमण सुरु गरेको छ, जसमा उत्तरी इसाइ बहुल गाउँ पनि समावेश छ जहाँ सोमबार कम्तीमा २१ जनाको मृत्यु भएको स्वास्थ्य मन्त्रालयले जनाएको छ ।

दक्षिणी सीमावर्ती सहर मर्जायुनका नागरिक सुरक्षा प्रमुख अनिस अबलाले उद्धारकर्ताहरू 'थकित' भएको बताए । 'निरन्तर आक्रमणले हाम्रा उद्धार अभियानहरू झन्झन् कठिन हुँदै गइरहेका छन्,' उनले भने ।

लेबनानको स्वास्थ्य मन्त्रालयले गत हप्ता मध्य बेरुतमा भएको इजरायली आक्रमणमा कम्तीमा २२ जनाको ज्यान गएको जानकारी दिएको छ । आप्रवासनका लागि अन्तर्राष्ट्रिय संगठनको गत हप्ताको प्रमाणित तथ्यांकअनुसार लेबनानको युद्धले कम्तीमा छ लाख ९० हजार मानिस विस्थापित भएका छन् ।

**इरानको आणविक वा तेल सुविधामा आक्रमण नगर्ने आश्वासन**

इजरायलले ह्वाइट हाउसलाई इरानमा नियोजित जवाफी आक्रमणका क्रममा त्यहाँको आणविक वा तेल सुविधालाई लक्षित नगर्ने आश्वासन दिएको अमेरिकी सञ्चारमाध्यमले सोमबार जनाएको छ । गत अक्टोबर १ मा इरानले इजयायलमा गरेको क्षेप्यास्त्र आक्रमणको प्रतिक्रियामा इजरायलले प्रतिआक्रमण गर्ने वाचा गरेको हो । इजरायली प्रधानमन्त्री बेन्जामिन नेतान्याहूले ह्वाइट हाउसलाई इजरायली प्रतिआक्रमणले सैन्य साइटहरूलाई मात्र लक्षित गर्ने आश्वासन दिएको एक अज्ञात अमेरिकी अधिकारीलाई उद्धृत गर्दै वासिङ्टन पोस्टले जनाएको छ । *रासस/एएफपी*

# भारत–क्यानाडा सम्बन्धमा संकट



**नयाँदिल्ली-** क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोले क्यानाडामा निज्जरको हत्यामा भारतीय एजेन्टहरू संलग्न रहेको आरोप लगाएपछि भारत र क्यानाडाले कूटनीतिक संकटको सामना गरिरहेका छन् । भारतले भने क्यानाडाको आरोपलाई आधारहीन तथा 'राजनीतिबाट प्रेरित' भन्दै अस्वीकार गरेको छ ।

सन् २०२३ मा ब्रिटिस कोलम्बियामा खालिस्तानी आतंकवादी हरदीप सिंह निज्जरको हत्याको अनुसन्धानको सम्बन्धमा क्यानडाले सोमबार छ जना भारतीय कूटनीतिज्ञ तथा अधिकारीहरूलाई निष्कासन गरेको थियो ।

यसैगरी भारतले पनि भारतबाट क्यानाडाका कार्यवाहक उच्चायुक्त स्टेवार्ड रस ह्विलर, उपउच्चायुक्त प्याट्रिक हेबर्टलगायत छ जना क्यानाडाली कूटनीतिज्ञलाई निष्कासन गर्ने निर्णय घोषणा गरेको छ । रोयल क्यानेडियन माउन्टेड प्रहरी आयुक्त माइक डुहेमले सोमबार भारत सरकारका एजेन्टहरूले गरेका केही आपराधिक गतिविधिका बारेमा जानकारी प्राप्त भएको दाबी गरेका छन् ।

उनले क्यानाडाका सम्बन्धित निकायले सफलतापूर्वक अनुसन्धान गरेको बताउँदै हत्या र हिंसाजन्य आपराधिक कार्यहरूमा उनीहरूको संलग्नता रहेको आरोप लगाए । सोमबारको विज्ञप्तिमा भारतले क्यानाडाको कूटनीतिक सञ्चारलाई अस्वीकार गर्दै भारतीय उच्चायुक्त र अन्य कूटनीतिज्ञहरू अनुसन्धानमा 'चासोका व्यक्तिहरू थिए' यसलाई 'निराधार आरोपहरू' र तथा जस्टिन ट्रुडो सरकारको राजनीतिक एजेन्डाको हिस्सा भनेको छ ।

विदेश मन्त्रालय (एमइए)ले क्यानाडाका प्रधानमन्त्री जस्टिन ट्रुडोको भारतप्रतिको शत्रुता लामो समयदेखि रहेको उल्लेख गर्दै क्यानाडा सरकारले आतंककारीलाई 'क्यानाडामा भारतीय कूटनीतिज्ञ तथा नेताहरूलाई उत्पीडन र धम्की दिने ठाउँ प्रदान गरेको' जनाएको छ । सन् २०२३ मा हरदीपसिंह निज्जरको हत्यापछि भारत-क्यानाडा सम्बन्ध थप चिसिएको छ भने नियमितका घटनाको शृंखलाले दुई राष्ट्रबीचमा तनावपूर्ण अवस्था सिर्जना भएको छ ।


खालिस्तानी आतंकवादी हरदीप सिंह निज्जरलाई सन् २०२३ जुन १८ मा ब्रिटिस कोलम्बियाको गुरुद्वारा बाहिर गोली हानिएको थियो । जि-२० शिखर सम्मेलनका क्रममा ट्रुडोसँगको वार्तामा भारतीय प्रधानमन्त्री नरेन्द्र मोदीले क्यानाडामा भएका भारतविरोधी गतिविधिहरूबारे चिन्ता व्यक्त गर्दै खतराहरूको सामना गर्न एकआपसमा सहयोग गर्न आवश्यक रहेको बताएका थिए ।

सन् २०२३ को सेप्टेम्बर १८ मा ट्रुडोले हाउस अफ कमन्समा गुरुद्वारा बाहिर हरदीप निज्जरको हत्यामा भारत सरकारको संलग्नता रहेको खुलासा गरेका थिए । त्यसपछिको समयमा भारतले यस मुद्दामा आफ्नो संलग्नतालाई अस्वीकार गर्दै आएको छ । विदेश मन्त्रालयले लिखित जवाफ दिँदै क्यानडाले भारतविरोधी तत्त्वलाई निरन्तर स्थान दिएको जनाएको छ ।

क्यानाडाले हालसम्म निज्जरको हत्याको दाबीलाई समर्थन गर्ने कुनै प्रमाण प्रस्तुत गरेको छैन । ट्रुडोले गत जुनमा निज्जरको हत्यामा भारत सरकारको संलग्नता रहेको आरोप लगाएपछि भारतले क्यानाडामा आफ्नो भिसा सेवा पनि निलम्बन गरेको थियो । *रासस/एएनआई*

### आइएमएफको अनुमान

# विश्वव्यापी सार्वजनिक ऋण १०० ट्रिलियन डलर पुग्ने




**वासिङ्टन-** आइएमएफले धेरै देशका लागि वित्तीय अवस्था 'अपेक्षाभन्दा खराब' हुनसक्ने चेतावनी दिँदै मंगलबार विश्वव्यापी सार्वजनिक ऋण यस वर्ष १०० ट्रिलियन डलर पुग्नसक्ने चेतावनी दिएको छ ।

वित्तीय नीतिसम्बन्धी पछिल्लो प्रतिवेदनमा, आइएमएफले यस वर्ष विश्वव्यापी सार्वजनिक ऋण कूल ग्रार्हस्थ उत्पादन (जिडिपी) को ९३ प्रतिशत र सन् २०३० सम्ममा जिडिपीको १०० प्रतिशतमा पुग्ने अपेक्षा गरेको छ । यो तथ्यांक कोभिड-१९ महामारी आउनुभन्दा पहिलेको तुलनामा १० प्रतिशतले बढी हो ।

विश्वव्यापी सार्वजनिक ऋण उच्च भएको आइएमएफको 'फिस्कल अफेयर्स डिपार्टमेन्ट'का उपनिर्देशक एरा डाब्ला-नोरिसले प्रतिवेदन प्रकाशन हुनुअघि पत्रकारसमक्ष बताएका हुन् । ऋणको बोझ अपेक्षाभन्दा बढी हुने धेरै कारण भएको बताउँदै उनले जलवायु परिवर्तन, अत्यधिक आशावादी ऋण अनुमान तथा ठूलो मात्रामा अज्ञात ऋणको सम्भावनाजस्ता सवाललाई सम्बोधन गर्न हालको खर्च सन्तुलित नरहेको उल्लेख गरेका छन् ।

त्यसैले सन्तुलन कायम गरी ॠिणको बोझ घटाउन देशहरूले आफ्नो वित्तीय व्यवस्थापनलाई मजबुत गराउनुपर्ने समय आएको उनले बताएका छन् । आइएमएफको प्रतिवेदनले ऋण अनुमानको जोखिम मूल्यांकन गर्न नयाँ 'ऋणमा जोखिम' दृष्टिकोण प्रस्तुत गरेको छ । प्रतिवेदनमा खराब अवस्थामा, विश्वव्यापी सार्वजनिक ऋण सन् २०२६ सम्ममा जिडिपीको ११५ प्रतिशतमा पुग्नसक्ने अनुमान गरिएको छ । यो तथ्यांक कोषको आधार भूत अनुमानभन्दा लगभग २० प्रतिशत बढी हो ।

प्रतिवेदनले 'विश्वव्यापी कारकहरूले देशहरूमा सरकारी उधारो लागतमा बढ्दो उतारचढाव निम्त्याउने जनाउँदै ऋणको उच्चस्तरले अरूका लागि सार्वभौम उत्पादन र ऋण जोखिमको अस्थिरता बढाउने चेतावनी दिएको छ । अर्थव्यवस्थामा मध्यम मुद्रास्फीति र ब्याजदर कटौतीको अर्थ देशले आफ्नो वित्तीय व्यवस्थापन पुनर्निर्माण गर्ने 'उपयुक्त' समय भएको आइएमएफले जनाएको छ ।

विश्वव्यापी सार्वजनिक ऋण नियन्त्रणमा ल्याउन वित्तीय समायोजनको आकार जिडिपीको औसतमा ३ देखि ४.५ प्रतिशतको बीचमा रहन आवश्यक रहेको आइएमएफले जनाएको छ जुन विगतका समायोजनहरूको आकारभन्दा लगभग दोब्बर हो । *रासस/एएफपी*

# इरानमाथि युरोपेली आयोगले लगायो प्रतिबन्ध

## रुसलाई ब्यालेस्टिक क्षेप्यास्त्र हस्तान्तरण गरेको आरोप



**लक्सेम्बर्ग-** युरोपेली आयोगले सोमबार युक्रेनविरुद्ध प्रयोग गर्न रुसलाई क्षेप्यास्त्र र ड्रोन हस्तान्तरण गरेको आरोपमा प्रमुख इरानी अधिकारीहरू र एयरलाइन्ससहितका संस्थाहरूविरुद्ध प्रतिबन्ध लगाएको छ ।

युरोपेली आयोगका विदेशमन्त्रीले इरान एयरलगायत सात संस्थाहरू र उपरक्षामन्त्री सैयद हम्जेह घलान्डारी र रिभोलुसनरी गार्ड्स कुद्स फोर्सका वरिष्ठ अधिकारीहरूसहित सात जना व्यक्तिहरूमाथि प्रतिबन्ध लगाएको छ । प्रमुख युरोपेली शक्तिहरू बेलायत, फ्रान्स र जर्मनीले गत महिना रुसमा इरानी क्षेप्यास्त्र हस्तान्तरणलाई लिएर यस्तै प्रतिबन्ध जारी गरेका थिए ।

युरोपेली आयोगकी अध्यक्ष उर्सुला भोन डेर लेयनले सम्पूर्ण ब्लकले अपनाएको प्रतिबन्धलाई स्वागत गर्दै भनिन्, 'युक्रेनविरुद्ध रुसको आक्रमक युद्धलाई इरानी शासनको समर्थन अस्वीकार्य छ र यो बन्द हुनुपर्छ ।' इरानको कट्टर प्रतिद्वन्द्वी इजरायलले आयोगको यस कदमको प्रशंसा गरेको छ ।

इरानी विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले प्रतिबन्धलाई 'अन्यायपूर्ण र अन्तर्राष्ट्रिय कानुनविपरीत' भन्दै अस्वीकार गरेका छन् । उनले रुसलगायत अन्य देशसँग रक्षा र सैन्य सहयोग गर्ने इरानको अपरिहार्य अधिकारलाई पनि जोड दिएको इरानको आधिकारिक समाचार एजेन्सी इरनाले जनाएको छ ।

त्यसैगरी प्रतिबन्धले रकेट र मिसाइल प्रक्षेपण गर्न प्रयोग हुने प्रणोदक उत्पादनमा संलग्न दुई कम्पनीलाई पनि लक्षित गरेको छ । इरानले भने युक्रेनविरुद्ध प्रयोग गर्न रुसलाई क्षेप्यास्त्र हस्तान्तरण गरेको पश्चिमी आरोपलाई अस्वीकार गरेको छ । *रासस/एएफपी*

### प्रतिबन्धको इरानद्वारा निन्दा

**तेहरान-** इरानको विदेश मन्त्रालयका प्रवक्ता इस्माइल बाघाईले इरानले रूसलाई क्षेप्यास्त्र तथा ड्रोन हस्तान्तरण गरेको आरोपमा इरानमाथि युरोपेली संघ र बेलायतले लगाएको प्रतिबन्धको कडा निन्दा गरेका छन् ।

इरानमाथि लगाएको प्रतिबन्धलाई अन्यायपूर्ण र अन्तर्राष्ट्रिय कानुनी सिद्धान्त र मानवअधिकारको विपरीत रहेको आशय व्यक्त गर्दै जारी गरिएको विज्ञप्तिमा बाघाईले प्रतिबन्ध आधारहीन रहेको उल्लेख गरेका छन् । आरोप र प्रतिबन्ध आधारहीन रहेको बताउदै बाघाईले द्वन्द्व सुरु भएदेखि नै इरानले युद्ध र द्वन्द्वको विरोध गर्दै रूस र युक्रेनबीचको मतभेदको कूटनीतिक समाधानका लागि आह्वान गर्दै आएको बताएका छन् ।

गाजा र लेबनानमा भएको नरसंहारमा इजरायललाई हतियार उपलब्ध गराउन बेलायत र जर्मनीलगायत केही युरोपेली देशहरूको संलग्नतालाई औंल्याउदै उनले ती देशहरू प्यालेस्टिनी र लेबनानी जनताविरुद्ध इजरायलले गरेको 'अपराध' मा सहयोगी रहेको बताएका छन् ।

यसै सन्दर्भमा इरानको राष्ट्रिय हित, सुरक्षा, सार्वभौमिकता र क्षेत्रीय अखण्डताको रक्षा गर्न रूसलगायत अन्य देशहरूसँग सैन्य सहयोगमा संलग्न हुने इरानको 'अपरिहार्य' अधिकारलाई प्रकाश पार्दै इरानलाई युरोपेली संघको 'अवैध र अन्यायपूर्ण' प्रतिबन्धविरुद्ध जवाफी प्रतिक्रिया दिने अधिकार सुरक्षित रहेको बाघाईले उल्लेख गरेका छन् । *रासस/सिन्ह्वा*

# जापानमा सुरू भयो निर्वाचन अभियान



**टोकियो-** जापानमा अक्टोबर २७ मा हुने आमचुनावका लागि मंगलबारदेखि निर्वाचन अभियान सुरु भएको छ ।

निर्वाचनमा सत्तारुढ गठबन्धन लिबरल डेमोक्रयाटिक पार्टी (एलडिपी) र यसका साझेदारहरूले बहुमत कायम राख्नसक्ने अपेक्षा गरिएको छ भने विपक्षी दलहरूले सत्तारूढ समूहको पकडलाई कमजोर पार्ने कुरामा चुनावको ध्यानाकर्षण रहेको छ ।

संसद्को शक्तिशाली सदन हाउस अफ रिप्रेजेन्टेटिभमा ४६५ सिटका लागि एक हजार ३३८ उम्मेदवारहरूले प्रतिस्पर्धा गरिरहेको जापानी सरकारी सञ्चारमाध्यम एनएचकेले जनाएको छ । जापानको प्रतिनिधिसभा मिश्रित निर्वाचन प्रणालीमार्फत निर्वाचित हुन्छ जसले एकल-सदस्य जिल्लाहरू र समानुपातिक प्रतिनिधित्व दुवैलाई मिलाउँछ ।

निर्वाचनमा मतदाताले दुईवटा मतपत्रमा भोट हाल्छन् ती मध्ये एउटा एकल-सदस्य जिल्लामा उम्मेदवारका लागि र एउटा समानुपातिक प्रतिनिधित्वमा रहेको पार्टीका लागि हुन्छ । निर्वाचनले एलडिपीको कोष घोटालालाई पछयाइ राजनीतिक सुधार, मुद्रास्फीति र आर्थिक उपायहरूको प्रतिक्रियाजस्ता प्रमुख मुद्दाहरूमा केन्द्रित हुने अपेक्षा गरिएको छ ।

लामो समय जापानमा शासन गर्ने एलडिपीले यसअघि ४६५ सदस्यीय तल्लो सदनमा २५८ सिट ओगटेको थियो भने ३२ सिटसहितको कोमेइटोसँग गठबन्धनमा शासन गरेको थियो । मुख्य विपक्षी दल पूर्वप्रधानमन्त्री योशिहिको नोडाको नेतृत्वमा रहेको जापानको संवैधानिक लोकतान्त्रिक पार्टीले भने ९९ वटा सिट जितेको थियो । *रासस/सिन्ह्वा*


## वर्गीकृत विज्ञापन संकलन काउन्टर

पशुपति विज्ञापन सेवा - सोह्रखुट्टे, नयाँबजार फोन नं. ४३५५७६०, ९८४१८८७७१६ ९८६६४३०१५५ । स्मार्ट सर्भिस नेपाल प्रा.लि.-सिनामंगल, एयरपोर्ट, शम्भु मार्ग, फोन नं.०१२२९६६५८/९८४२६३५८१५ । लोटस कम्युनिकेशन- गोंगबुचोक, फोन नं. ४३६४७१। ध्रुवको पसल- डिल्लीबजार, फोन नं. ४४३९२०१। Reachmond Books Shop (रोहित दाहाल) - फोन नं.४०१६३१८, महाराजगञ्ज, भाटभटेनी गेट । Yonjan Enterprise - Dhalku Bhishal Nagar, 4438217। दन्तकाली स्टेशनरी - नयाँबसपार्क फोन नं. ९८१३९६०७४६ । सारीका स्टेशनरी पसल - फोन नं. ९८५११२९६८६ । ज्ञाञ्जयोति पुस्तक पसल बागबजार, फोन नं. ४२४००६० । विश्व स्वतन्त्र सञ्चार- सुन्धारा, फोन नं. ४२१९४१२ । निशा बुक्स एण्ड स्टेशनरी - लगनखेल, ५५३१९५७, ९८४१६२७४८९ । वीडलिंक मिडिया प्रा.लि. - पूरानो बानेश्वर चोक, फोन नं. ४४९२३०९, २०१४९३२, ९८४९६०६१४ । हिमचुली स्टेशनरी- बालाजु नेपालटार, फोन नं.४३८७२४२, ९८४१४४००८३ । मलः स्टेशनरी- गट्ठाघर ठिमी, फोन नं. ६६३०७५७ । B-Tech Nepal- पुतलीसडक चोक, फोन नं.9851079417, 2297501| HaLMax Communication - Jamal Kathmandu, 4224181, 4245457, 9841853198, (Hari Dawadi) जमलको पुलमुनी- विश्वज्योति हल हसाईडमा), बी.एण्ड बी. कम्यूनिकेशन एण्ड साइबर- कलंकी चोक फोनः ०१-४२७६५३०, फ्याक्सः०१-४२७१३२२ । दाजुभाइ स्टेशनरी - पिंगलास्थान, गौशाला, फोनः ०१-४४९४६१५, ९८४९५०८१९९, ए.आर स्टेशनरी च्यासल गेट -९ ललितपुर फोन नं. ९८४१२८६९८९, हलफयाक्स मिडिया एण्ड कम्यूनिकेशन जमल, काठमाडौं सम्पर्क : ०१- ४२२४१८१, ०१- ४०१२५७७, लोटस एड मिडिया एण्ड मार्केटिङ गोंगबु चोक फोन नं. ९८५१०२४३९८ र ९८६०३४६२५७, कमल स्टेशनरी, सिफल फोन नं. ९८४३२६४२३२, ०१४५८०१८४ ।

प्रभाव दैनिक National Daily

# अर्थ बजार

आजको मूल्य

| छापावाला सुन | तेजाबी सुन | चाँदी |
|---|---|---|
| प्रति तोला - १६०५०० | प्रति तोला - ० | प्रति तोला - १९२५ |



**बेसीसहरमा विदेशी पर्यटक** | लमजुङको बेसीसहरबाट अन्नपूर्ण पदमार्गहुँदै मंगलबार बिहान मनाङ जाँदै गरेका विदेशी पर्यटक । अन्नपूर्ण पदमार्ग जाने पर्यटकको संख्या बढ्दा बेसीसहरमा होटल व्यवसाय चलायमान हुन थालेको छ । *तस्बिरः जनक श्रेष्ठ/रासस*

## घोडाघोडीमा आन्तरिक पर्यटकको चहलपहल बढ्यो

■ प्रभाव संवाददाता

**कैलाली–** विश्व रामसार क्षेत्रमा सूचीकृत कैलालीको घोडाघोडी तालमा पर्यटकको चहलपहल बढेको छ । घोडाघोडी सामुदायिक वनका अध्यक्ष दीपकबहादुर शाहले दसैंदेखि पर्यटकको चहलपहल धेरै बढेको बताए ।

घोडाघोडी ताल क्षेत्रमा पर्यटकलाई प्रवेश गर्नका लागि १० रूपैयाँ तिर्नुपर्छ । टिकट काट्नका लागि पनि दसैंको दिन त हम्मेहम्मे परेको जनाउँदै उनले दैनिक पछिल्लो समय आन्तरिक पर्यटक संख्या वृद्धि भइराखेको बताए ।

होटेल व्यवसायी राजु अवस्थीले बताए । उनले भने, 'चाडपर्वको समयमामात्रै नभई अन्य समयमा पनि घोडाघोडीमा पर्यटक आइरने वातावरण बनाउनसके हामीलाई आम्दानीको दिगो स्रोत बन्न सक्थ्यो ।'

घोडाघोडी तालसँगै जोडिएको ओजुवातालले पनि पर्यटकलाई आकर्षित गरेको छ । घोडाघोडी तालको छेउ हुँदै सहायकर्तालअन्तर्गत रहेको ओजुवातालसम्म पर्यटक पुग्ने गर्दछन् । दसैंमा लामो समयसम्म बिदा पनि हुने र अहिलेको मौसम पनि घुम्नका लागि उपयुक्त रहेकाले यो समयमा पर्यटक घोडाघोडीमा चराचुरुंगीको संरक्षणका कारण यो ताल सन् २००३ मा विश्वरामसार सूचीमा सूचीकृत भएको थियो ।

चराहरूको महत्त्वपूर्ण बासस्थल भएकाले २७ फागुन २०७८ मा घोडाघोडी क्षेत्रलाई नेपालको पहिलो 'बर्ड सेञ्चुरी चरा अभय आरक्षण क्षेत्र' घोषणा गरिएको थियो । चरा संरक्षण नेटवर्क कैलालीका अध्यक्ष दयाराम चौधरीका अनुसार नेपालकै पहिलो बर्ड सेञ्चुरी घोषणा गरेपछि पनि यहाँ पर्यटकको संख्या बढेको छ । घोडाघोडीमा पर्यटकको संख्यामा वृद्धि हुन थाले पनि पर्यटक लामो समयसम्म अडिनसक्ने वातावरण नरहेको पर्यटन व्यवसायी



पर्यटकको चहलपहल बढेसँगै 'फोटोग्राफर'ले पनि राम्रो आम्दानी गर्न थालेका छन् । घोडाघोडीमा फोटोग्राफर २५ भन्दा बढी छन् । दसैंभन्दा अगाडि दिनमा एक हजारदेखि एक हजार ५०० रूपैयाँसम्म आम्दानी हुने गरेको बताउँदै फोटोग्राफर लक्ष्मण सुनारले भने, 'दसैंको दिनदेखि ह्वात्तै पर्यटक बढेका छन् । दिनको पाँच हजारसम्म आम्दानी हुने गरेको छ ।'

आन्तरिक पर्यटकको चहलपहल बढेसँगै घोडाघोडीका होटल व्यवसाय पनि फस्टाएका छन् । घुम्न आउने पर्यटकले खाजा खाँदा व्यापार व्यवसाय बढेको घुम्न आउने गरेको पर्यटन व्यवसायी डबल शाह बताउँछन् ।

उनकाअनुसार पहिलेभन्दा अहिले घोडाघोडी क्षेत्र व्यवस्थित हुँदै गएको छ । पर्यटकका लागि पैदलमार्ग स्थापना भएका छन् । घोडसवारसँगै ढुंगामा सयर गर्न पनि पाइन्छ त्यसैले पनि पर्यटकको संख्यामा वृद्धि हुँदै गएको छ ।

पूर्व-पश्चिम राजमार्गको छेउमा रहेको घोडाघोडी ताल क्षेत्र दुर्लभ चराचुरुंगीले विचरण गर्ने शान्त र सुरक्षित बासस्थान हो । विश्वजलचर इतिहासमा संकटापन्न दर्जनौं जातका रैथाने माछाका प्रजाति, पुतली तथा अन्य दुर्लभ डबल शाहको भनाइ छ ।

पर्यटकलाई अबेरसम्म टिकाइराख्ने अवस्था सिर्जना गर्नसके पर्यटनका क्षेत्रमा घोडाघोडीमा राम्रो अवसर रहेको शाहले बताए । १३८ हेक्टर क्षेत्रफलमा फैलिएको यो ताल औंला भएको हत्केला आकारको छ ।

एउटा तालको सीमा टुंगिन नपाउँदै अर्को ताल सुरु हुने घोडाघोडी क्षेत्र तालैतालको मालाजस्तै देखिन्छ । जंगलबीच तालैतालको लस्करसहित जैविक विविधताले भरिएको यस क्षेत्र तराई र चुरे जोड्ने जैविकमार्गका रूपमा रहेको चरा संरक्षण नेटवर्क कैलालीका अध्यक्ष चौधरीले बताए ।

मुलुकको वर्तमान आर्थिक स्थिति

# शोधनान्तर स्थिति एक खर्बभन्दा बढीले बचतमा, चालु खाता ५० अर्ब नजिक

■ प्रभाव संवाददाता

**काठमाडौं–** चालु आर्थिक वर्षको दोस्रो महिना अर्थात् भदौमा मुलुकको शोधनान्तर स्थिति एक खर्ब रूपैयाँभन्दा बढीले बचतमा देखिएको छ । नेपाल राष्ट्र बैंकले मंगलबार सार्वजनिक गरेको चालु आवको दोस्रो महिनाको तथ्यांकमा यस्तो देखिएको हो ।

समीक्षा अवधिमा शोधनान्तर स्थिति एक खर्ब एक अर्ब ७७ करोड रूपैयाँले बचतमा रहेको राष्ट्र बैंकले जनाएको छ । अघिल्लो वर्षको सोही अवधिमा शोधनान्तर स्थिति ५५ अर्ब १० करोड रूपैयाँले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा ४१ करोड ७० लाखले बचतमा रहेको शोधनान्तर स्थिति समीक्षा अवधिमा ७५ करोड ७९ लाखले बचतमा रहेको छ ।

सोधनान्तर स्थिति भन्नाले निश्चित अवधिभित्र बाहृय मुलुक तथा संस्थासँग भएको आर्थिक तथा वित्तीय कारोबारको सारांश हो । राष्ट्र बैंकका अनुसार शोधनान्तर बचत भएमा बाहृय क्षेत्र कारोबारबाट विदेशी मुद्रा आप्रवाह बढ्छ भने घाटा भएमा विदेशी मुद्रा बाहृय प्रवाह बढी हुन जान्छ । त्यसैले सोधनान्तर स्थिति बचतमा हुनुलाई सकारात्मक रूपमा लिइन्छ ।

समीक्षा अवधिमा चालु खाता ४९ अर्ब ६९ करोड रूपैयाँले बचतमा रहेको प्रतिवेदनमा उल्लेख छ । अघिल्लो वर्षको सोही अवधिमा चालु खाता २३ अर्ब ९७ करोड रूपैयाँले बचतमा रहेको थियो । अमेरिकी डलरमा अघिल्लो वर्षको सोही अवधिमा १८ करोड १३ लाखले बचतमा रहेको चालु खाता समीक्षा अवधिमा ३७ करोड एक लाखले बचतमा रहेको छ ।

प्रतिवेदनअनुसार समीक्षा अवधिमा खुद पुँजीगत ट्रान्सफर एक अर्ब २० करोड रूपैयाँ कायम भएको छ । प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह (इक्विटी मात्र) दुई अर्ब ७१ करोड रूपैयाँ रहेको छ । अघिल्लो वर्षको सोही अवधिमा खुद पुँजीगत ट्रान्सफर ८५ करोड आठ लाख रूपैयाँ कायम भएको थियो भने प्रत्यक्ष वैदेशिक लगानी आप्रवाह (इक्विटी मात्र) तीन अर्ब रूपैयाँ रहेको थियो ।

### मूल्यवृद्धि चार प्रतिशतभन्दा तल

चालु आर्थिक वर्षको भदौमा उपभोक्ता मुद्रास्फीति (मूल्यवृद्धि) ३.८५ प्रतिशत कायम भएको छ । राष्ट्र बैंकको प्रतिवेदनअनुसार वार्षिक बिन्दुगत उपभोक्ता मुद्रास्फीतिमा कमी आएको हो ।

अघिल्लो वर्षको सोही महिनामा यस्तो मुद्रास्फीति ८.१९ प्रतिशत रहेको थियो । समीक्षा महिनामा खाद्य तथा पेयपदार्थ समूहको मुद्रास्फीति ५.०३ प्रतिशत र गैरखाद्य तथा सेवा समूहको मुद्रास्फीति ३.१९ प्रतिशत रहेको छ । अघिल्लो वर्ष सोही अवधिमा यी समूहहरूको मुद्रास्फीति क्रमश ९.७७ प्रतिशत ७.१९ प्रतिशतले वृद्धि भएको थियो ।

समीक्षा महिनामा खाद्य तथा पेयपदार्थ समूहअन्तर्गत दाल तथा गेडागुडी उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक १०.८० प्रतिगत, तरकारीको ९.८४ प्रतिशत, खाद्यपदार्थको ९.३० प्रतिशत र फलफूलको ४.९४ प्रतिशतले बढेको छ । मरमसला उप-समूहको वार्षिक बिन्दुगत मूल्य सूचकांक २.६९ प्रतिशतले घटेको राष्ट्र बैंकले जनाएको छ ।

त्यसैगरी गैरखाद्य तथा सेवा समूहअन्तर्गत विविध वस्तु तथा सेवा उपसमूहको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ८.७१ प्रतिशत, मदिराजन्य पेयपदार्थको ६.७६ प्रतिशत, कपडाजन्य तथा जुत्ताचप्पलको ६.०८ प्रतिशत र घरायसी उपकरणको ४.८८ प्रतिशतले बढेको छ । बिमा तथा वित्तीय सेवा उपसमूहको वार्षिक बिन्दुगत मूल्य सूचकांकमा परिवर्तन भएको छैन । समीक्षा महिनामा ग्रामीण क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मून्य सूचकांक ४.०४ प्रतिशतले बढेको छ भने सहरी क्षेत्रको वार्षिक बिन्दुगत उपभोक्ता मूल्य सूचकांक ३.७८ प्रतिशतले बढेको छ ।




## साढे २१ खर्ब नाघ्यो विदेशी विनिमय सञ्चिति

चालु आर्थिक वर्षको दोस्रो महिनामा विदेशी विनिमय सञ्चिति साढे पाँच प्रतिशतले बढेको पाइएको छ । नेपाल राष्ट्र बैंकको प्रतिवेदनअनुसार गत असार मसान्तमा २० खर्ब ४१ अर्ब १० करोड रूपैयाँबराबर रहेको कूल विदेशी विनिमय सञ्चिति भदौ मसान्तमा २१ खर्ब ५२ अर्ब ५३ करोड रूपैयाँ पुगेको छ । असार मसान्तको तुलनामा भदौमा सञ्चिति ५.५ प्रतिशतले बढेको हो ।

अमेरिकी डलरमा यस्तो सञ्चिति गत असार मसान्तमा १५ अर्ब २७ करोड रहेकोमा २०८१ भदौ मसान्तमा ५.० प्रतिशतले बढेर १६ अर्ब चार करोड पुगेको छ । कूल विदेशी विनिमय सञ्चितिमध्ये नेपाल राष्ट्र बैंकमा रहेको सञ्चिति भदौ मसान्तमा १९ खर्ब २८ अर्ब ९९ करोड रूपैयाँ पुगेको छ । बैंक तथा वित्तीय संस्था (नेपाल राष्ट्र बैंकबाहेक) सँग रहेको विदेशी विनिमय सञ्चिति समीक्षा अवधिमा दुई खर्ब २३ अर्ब ५३ करोड रूपैयाँ कायम भएको राष्ट्र बैंकले जनाएको छ ।

चालु आवको दुई महिनाको आयातलाई आधार मान्दा बैंकिङ क्षेत्रसँग रहेको विदेशी विनिमय सञ्चिति १६.८ महिनाको वस्तु आयात र १३.७ महिनाको वस्तु तथा सेवा आयात धान्न पर्याप्त रहने केन्द्रीय बैंकको भनाइ छ ।

## भेडेटारको कोसेली हरियो सागसब्जी



**धरान (सुनसरी)–** धनकुटाको भेडेटारका प्रत्येक पसलहरूमा हरियो सागसब्जी र फलफूलहरू बिक्रीका लागि राखिएका छन् । जहाँ धनकुटा राजारानी, नाम्जे, थुम्की, मुलघाट, डाँडाबजारलगायतका पहाडी भेगमा उत्पादन हुने 'अर्ग्यानिक' उत्पादन पाइन्छ ।

अहिले दसैं मनाउन आउने र फर्कनेको भीड छ । यहाँ आइपुग्ने यात्रुहरूले कोसेलीका रूपमा भेडेटारको हरियो सागसब्जी किन्ने गरेका छन् । ग्राहकको भीड नै लागेपछि व्यापारीलाई बिक्री गर्न भ्याइनभ्याइ छ ।

धनकुटाका मनिसा कुँवर भेडेटारमा सागसब्जी किन्दै गर्दा भेटिए । उनी धनकुटाबाट इटहरी टीका लगाउन जाँदै गरेका रहेछन् । उनको हातभरि हरियो साग, सिमी र किबी थियो । 'इटहरी माइत टीका लगाउन हिँडेको ताजा सब्जी, फलफूल देखेपछि किन्न मन लाग्यो । पहाडी भेगको अर्ग्यानिक सागसब्जी मधेसमा लाँदा त चीज हुन्छ, दसैंको बेला त कोसेली पो हुन्छ,' मुसुक्क हाँस्दै उनले भने ।

दसैंतिहारमा मात्र भेडेटारमा हरियो र अर्ग्यानिक सागसब्जी बिक्री हुने भने हैन । पहाडी भेगबाट सिजनअनुसार सागसब्जी र फलफूल बिक्रीका लागि यहाँ आइरहने व्यापारी कोपिला राई बताउँछिन् । उनले भनिन्, 'यहाँ भ्रमणमा आएका अधिकांशले फर्कने समयमा सागसब्जी कोसेलीका रूपमा लैजाने गर्नुहुन्छ । दसैंमाचाहिँ अन्य बेलाभन्दा कोसेलीका लागि किन्नेको भीड अलि धेरै हुन्छ ।'

व्यापारी विक्रम मगर अघिपछिभन्दा दसैं लागेपछि ग्राहकको भीड बढेको बताउँछन् । उनले भने, 'अघिपछि सागसब्जी खरिद गर्छन् लैजान्छन्, कहाँको हो कसैले सोधपुछ गर्दैनन्, यहाँ सबै पहाडी भेगबाट सागसब्जी अर्ग्यानिक र ताजा आउने गरेकाले दसैंको बेला पनि सागसब्जी किन्नेको भीड लागेको छ ।' दसैं सुरु भएयता दुई लाख रूपैयाँभन्दा बढीको सागसब्जी र किबी बिक्री गरेको मगरले बताए ।

मगरकाअनुसार यहाँ धनकुटा, नाम्जे, राजारानी मूलघाट, भोजपुरलगायतका ठाउँबाट हरियो सागसब्जी, अकबरे खोर्सानी, किबी टमाटर र आलु ल्याइने गरिन्छ । पहाडी भेगमा उत्पादित सागसब्जी स्वादिष्ट हुने भएकाले महँगो भए पनि खरिद गरेर लैजाने गरेका स्थानीय सुरज राई बताउँछन् । *रासस*

## कर्पोरेट

### ग्लोबल आइएमई र महालक्ष्मी बैंकबीच सम्झौता




**काठमाडौं (प्रस)–** ग्लोबल आइएमई बैंक र महालक्ष्मी विकास बैंकबीच गैरकोषमा आधारित बैंकिङ सुविधा उपलब्ध गराउने सम्झौतापत्रमा हस्ताक्षर भएको छ ।

उक्त सम्झौतापत्रमा ग्लोबल आइएमईका प्रमुख कार्यकारी अधिकृत सुरेन्द्रराज रेग्मी र महालक्ष्मी विकास बैंकका प्रमुख कार्यकारी अधिकृत दिपेश लम्सालले हस्ताक्षर गरेका छन् ।

सम्झौताअनुसार महालक्ष्मी विकास बैंकका ग्राहकहरूले आफ्नो व्यवसायलाई आवश्यकता पर्ने गैरकोषमा आधारित प्रतीतपत्र (लेटर अफ क्रेडिट), बैंक ग्यारेण्टी, डकुमेन्ट अगेन्स्ट पेमेन्ट, डकुमेन्ट अगेन्स्ट असेप्टेन्स, ट्रेड ट्रान्जेक्सन बैंकिङ आदि सुविधा महालक्ष्मी बैंकको सिफारिसमा ग्लोबल आइएमई बैंकमार्फत उपभोग गर्न सक्ने छन् ।

### सिटिजन्स क्यापिटल दाउन्ने एग्रो फार्मको आइपिओ बिक्री प्रबन्धक नियुक्त

**काठमाडौं (प्रस)–** सिटिजन्स क्यापिटल लिमिटेड दाउन्ने एग्रो फार्म लिमिटेडको साधारण सेयर (आइपिओ) निष्काशन तथा बिक्री प्रबन्धक नियुक्त भएको छ । यससम्बन्धी सम्झौतामा मंगलबार दुईपक्षबीच हस्ताक्षर भएको हो ।

सम्झौतापत्रमा दाउन्ने एग्रो फार्मका कार्यकारी निर्देशक विनोद पोखरेल तथा सिटिजन्स क्यापिटलका प्रमुख कार्यकारी अधिकृत सबिर बादे श्रेष्ठले




हस्ताक्षर गरे ।

सम्झौताअनुसार सिटिजन्स क्यापिटलले दाउन्ने एग्रो फार्म लिमिटेडको साधारण सेयर निष्काशनका लागि बिक्री प्रबन्धकको कार्य गर्ने छ ।

प्रभाव पब्लिकेसन प्रा.लि.द्वारा प्रकाशित मुद्रणः एक्प्रेस कलर प्रेस, कार्यालयः काठमाडौं-७, सिफल, नेपाल फोन नं.: ०१-४३७३५७७, ०१-४५८४३६८, इमेलः prabhabdailynews@gmail.com, विज्ञापनका लागिः marketing2prabhab@gmail.com, प्रबन्ध निर्देशकः कृष्ण कार्की, सम्पादकः विष्णु तामाङ